# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क ३४, पूर्णाङ्क २६७ | २०७७ चैत्र २५ गते बुधबार | Wednesday, 7 Apr 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## पत्रकार महासङ्घको चुनावलाई प्रभावकारी बनाउने सहमति

**काठमाडौं ।** यही चैत २५ गते हुन लागेको नेपाल पत्रकार महासङ्घको चुनावलाई प्रभावकारी बनाउन नेपाल कम्युनिस्ट पार्टीनिकट जनपत्रकार संगठन नेपाल र कर्णजित बुढाथोकी नेतृत्वको नेकपा (माओवादी केन्द्र) निकट प्रेस सेन्टर नेपालबिच २ बुँदे सहमति भएको छ । दुई संगठनबिच महासंघको निर्वाचनलाई थप प्रभावकारी बनाउन एकआपसमा सहकार्य गर्ने सहमति भएको छ । मंगलबार बसेको दुई पार्टीनिकट पत्रकार संगठनको बैठकपछि जारी विज्ञप्तिमा श्रमजीवी पत्रकारहरूको पेसागत मुद्दा, महासङ्घभित्रको सदस्यता वितरणलगायतका समस्याहरूको समाधान, महासंघलाई वैचारिक रूपमा समावेशी प्रतिनिधित्वको सुनिश्चितत‍ालगायतका मुद्दाहरू कार्यान्वयनका लागि संघर्ष गर्ने सहमति भएको उल्लेख छ ।

## किसान महासंघको राष्ट्रिय भेला उद्घाटन

■ रातोखबर संवाददाता/काठमाडौं

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) को राष्ट्रिय भेल सिन्धुलीको माडीमा सुरु भएको छ । नेकपानिकट किसान महासंघले ऐतिहासिक जनआन्दोलन दिवसको अवसर पारेर चैत २४ गते सिन्धुलीको माडीमा आयोजना गरेको चौथो राष्ट्रिय भेलाको उद्घाटन नेकपाका सचिवालय सदस्य सन्तोष बुढा मगर 'विषम' ले गरेका छन् । यस्तै, नेकपाका सल्लाहकार समितिका अध्यक्ष असारे काका, नेकपाका

... बाँकी पृष्ठ ७ मा

## विप्लवद्वारा अम्मलालका बुबा धनलाल थापाप्रति श्रद्धाञ्जली व्यक्त

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले युवा सङ्गठन नेपालका बाजुरा जिल्ला सदस्य अम्मलाल थापाका बुबा धनलाल थापाको निधन भएकोप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । शुक्रबार समवेदना वक्तव्य जारी गर्दै नेकपाका महासचिव विप्लवले लामो समयदेखि बाजुरामा जेल जीवन बिताइरहेका नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठनका अम्मलालका बुबा धनलालप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारप्रति समवेदना व्यक्त गरेका हुन् । महासविच विप्लवको शोक वक्तव्यमा भनिएको छ, 'हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी

... बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय जनआन्दोलन दिवस : जनता जागेको दिन चैत २४

# जनताले पूर्ण मुक्तिको चाहना गरेका छन् : विप्लव

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाली जनआन्दोलनको इतिहासमा चैत २४ गते जनताले सामन्तवादका विरुद्ध जनता जागेको दिन हो । २०४६ साल चैत २४ गते निरंकुश पञ्चायती व्यवस्थाका विरुद्ध गरिएको आन्दोलनमा एकैपटक हजारौँ जनता सडकमा उर्लिएर पञ्चायती शासन व्यवस्था पल्टाएका थिए ।

क्रान्तिकारी कम्युनिस्टहरूले बनाएको संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिले घोषणा गरेको नेपालबन्दको दिन चैत २४ मा काठमाडौंमा विशाल जनसागर उर्लिंदा सत्ताधारीहरूले गरेको दमनमा कैयौँको बलिदान भयो र कैयौँ घाइते भए । तर, तत्कालीन राजा र काँग्रेसीहरूले आन्दोलनलाई जनताको चाहनाभन्दा आफ्नो स्वार्थमा प्रयोग गरेका कारण सामन्तवादबाट मुक्त हुने जनचाहनामा कुठाराघात भएको थियो । इतिहासमा चैत २४ लाई समाजवादी व्यवस्थाको लागि आधार सुरु भएको रूपमा लिने गरिन्छ । कथित लोकतन्त्रका हिमायती कहलाउनेहरूले यो दिनको अवमूल्यन गरे पनि सच्चा क्रान्तिकारीहरूले यसलाई जनअभिमत व्यक्त भएको दिनको रूपमा लिने गर्दछन् ।



नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले चैत २४ लाई निरङ्कुश शासनको अन्त्यसँग जोडिएको दिन बताएका छन् । चैत २४ गते जनआन्दोलन दिवसको अवसरमा मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै महासविच विप्लवले नेपाली जनता आफ्नो मुक्ति र राष्ट्रिय स्वाधीनताका लागि जागेर विजय हासिल गरेको दिन भएको बताएका छन् । नेपालको इतिहासमा जनता जागेको यो दिन २०४६ सालबाट आजसम्म ३० वर्ष बितिसकेको भए पनि जनताले पूर्ण मुक्ति र स्वाधीनता नपाएको भन्दै नेकपा महासविच विप्लवले अहिलेको समयमा देश दलाल पुँजीवादी सत्ताको अत्याचार र असफलताबाट मर्माहित भएको विज्ञप्तिमा भनेका छन् ।

आम नेपाली जनताको चाहना आमूल परिवर्तन भएको अवस्थामा आफ्नो पार्टीले दलाल पुँजीवादी सत्तामा सुधार नभई आमूल परिवर्तन आवश्यक भएकोमा जोड दिएका छन् । त्यसका लागि सबै कम्युनिस्ट, वामपन्थी, देशभक्त, प्रगतिशील, लोकतन्त्रवादी शक्तिहरू एकताबद्ध भएर आम नेपाली जनताको जनमतद्वारा राज्यसत्ताको फैसला गर्न तयार हुनुपर्ने कुरा विज्ञप्तिमा उल्लेख गरेका छन् । देशको भविष्य निर्माण र सबैखाले समस्याहरूको समधानको लागि आफनो पार्टी सबै मित्रहरूसँग नयाँ पुस्तामा बहस र सहकार्य गर्न तत्पर रहेको कुरा पनि विप्लवको विज्ञप्तिमा उल्लेख छ ।

यसैबिच नेकपाले जनआन्दोलन दिवसको अवसरमा विभिन्न कार्यक्रम गरी यो दिवस मनाएको छ । जनआन्दोलन दिवसको अवसर पारेर अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) ले सिन्धुलीमा राष्ट्रिय भेला उद्घाटन गरेको छ । भेलालाई नेकपाका सचिवालय सदस्य सन्तोष बुढा मगरले सम्बोधन गरेका छन् । उता नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुनलगायतका नेताहरूले जिल्ला अस्पताल अछाममा रहेका बिरामीहरूलाई फलफूल वितरण गरेका छन् । यस्तै, जनआन्दोलन दिवसको अवसर पारेर नेकपानिकट विभिन्न जनवर्गीय संगठनहरूले जिल्ला-जिल्लामा भेला सम्मेलनहरूको उद्घाटनलगायतका विभिन्न कार्यक्रम गरेका छन् ।

## राष्ट्रिय मुक्ति अभियानमा अघि बढ्न प्रवक्ता प्रकाण्डको निर्देशन




■ रतोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले एकीकृत जनक्रान्तिको विकसित संघर्षको स्वरूप राजनीतिक अवस्थाको परिणाम सरकारसँगको ३ बुँदे सहमति भएको बताएका छन् । बिहीबार पार्टीका काठमाडौं उपत्यका ब्युरो स्तरीय कार्यकर्तालाई प्रशिक्षण दिदैं प्रवक्ता प्रकाण्डले भने, 'मुलुकको जटिल राजनीतिक परिस्थिति संकटको अग्रगामी निकास र जनचाहनाअनुरूपको निकासका निम्ति पार्टीले अवलम्बन गरेको नयाँ नीतिअनुसार सरकारसँग वार्ता र सहमति

... बाँकी पृष्ठ ७ मा

## राज्यले सहिद बेपत्ताको अवमूल्यन गर्नु परिवर्तनमाथिको धोका हो : नेता बास्तोला




■ रातोखबर संवाददाता/नेपालगञ्ज

देशको आमूल परिवर्तनको खातिर बलिदान गर्ने महान् सहिदहरूको राज्यले उच्च सम्मान गर्दै बेपत्ताहरूको अवस्था सार्वजनिक गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । बुधबार नेपालगञ्जमा आयोजित 'सहिद तथा बेपत्ता नागरिक र राज्यको दायित्व विषयक' अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका

... बाँकी पृष्ठ ७ मा

## क्रान्तिमा धोका हुने छैन : सन्तोष बुढा




■ गोपाल गिरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढा मगर 'विषम' ले अहिले आफूहरूले नेतृत्व गरेको क्रान्तिमा धोका नहुने बताउँदै सहिदहरूका सपना आफ्नो पार्टीले पूरा गर्ने प्रतिवद्धता गरेका छन् । जनक्रान्तिका महान् सहिद परिवार संगठन नेपाल र राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपाल, केन्द्रीय समितिद्वारा दाङको घोराहीमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा उनले बताएका हुन् ।

अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका नेता विषमले प्रचण्ड-बाबुरामले क्रान्तिलाई बेचेर खाएको भन्दै आफूहरू

... बाँकी पृष्ठ ७ मा

## संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद विषयक बृहत् विमर्श




■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल राष्ट्रिय बुद्धिजिवी संगठनले 'राजनीतिक समस्याको समाधान : संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था' विषयमा बृहत् विमर्श गरेको छ । शनिबार काठमाडौंमा भएको उक्त कार्यक्रममा विभिन्न दलका नेता बुद्धिजीवी एवम् स्वतन्त्र बौद्धिक व्यक्तिहरू एउटै मञ्चमा उभिएर अन्तरक्रियात्मक बहस गरे । उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् प्रगतिशील लेखक अनिल शर्मा 'विरही', सोही पार्टीका केन्द्रीय

... बाँकी पृष्ठ ६ मा

## चैत २४ र अबको आन्दोलन

**देश/परिवेश**

■ गुणराज लोहनी



कुनै दिनको विशेष महत्व रहने गरेको हुन्छ । त्यस्ता दिनलाई ऐतिहासिक भन्ने पनि गरिन्छ । नेपालको राजनीतिक इतिहासमा ती दिनहरूमध्येको एक दिन हो, चैत २४ गते । सामन्तवाद, सबैखाले पुँजीवादका विरुद्ध हुँदा खाने नेपालीले विद्रोह बोलेको दिनको प्रतीक हो, चैत २४ गते । त्यसैले यस दिनको छुट्टै महत्व, विशेषता र वर्गीय पक्षधरता छ । खासमा भन्ने हो भने यस दिनले नयाँ जनवादी, वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापनाको वैचारिक आधारको प्रतिनिधित्व गर्दछ । त्यसैले नेपालमा आफूलाई लोकतान्त्रिक समाजवाद, जनताको बहुदलीय जनवाद, 'नयाँ जनवाद' वा समाजवादका पक्षधरहरूले यस दिनलाई सम्झिँदैनन् । बरु हेयको दृष्टिकोणले हेर्दछन् । यस दिनलाई न्युनीकरण गर्न प्रयत्नरत छन् ।

अहिले नेपालमा भएको पुँजीवादी संसदीय फोहोरी राजनीतिले जनतामा देखिएको निराशा र विद्यमान राज्यसत्ताका विरुद्धको आक्रोशलाई न्युनीकरण गर्न र त्यसको विकल्प उही पुँजीवादी व्यवस्था नै रहेको भ्रम सिर्जना गरेर आफ्नो उल्लु सोझ्याउन सबै पुँजीवादी संसदवादीहरूले 'लोकतन्त्र' धरापमा परेको हुइँयाको ध्वनि प्रतिध्विन उरालिराखेका छन् । नेपालमा संसदीय पुँजीवादी व्यवस्थाको स्थायित्व केवल चुनावमा स्पष्ट बहुमत ल्याएको पार्टी र त्यसका नेताहरूले सरकार चलाएमा देशमा समृद्धि आउँछ, नेपाली सबै सुखी रहन्छन् भनी डङ्का पिटाएकाहरू पछिल्लो क्रममा उनीहरूले अर्को राग गाउन थालेका छन् कि बूढाहरूले सरकार चलाएकाले अहिले समयस्या आएको हो । यो व्यवस्था त ठीक छ, यसैबाट जनता र देशका समस्याहरू समाधान गर्न सकिन्छ ।

लगभग दुईतिहाइ मत ल्याएर सरकार बनाएको तत्कालीन सरकारी नेकपा यसबिचमा सरकार चलाउन असफल त भयो नै, साथै कम्युनिस्ट नामको पार्टी नै औपचारिकरूपमा ३ टुक्रा हुन पुग्यो । र, सरकार र संसदभित्र फोहोरी संसदीय खेलको पुनरागमन भएको छ । देशभित्र विदेशी शक्तिहरूको कुटनीतिक मल्लयुद्ध नै भैराखेको छ । दक्षिण, पश्चिम र उत्तरका शक्तिहरू नेपालमा मैदान मारिराखेका छन् । यहाँका पुराना र

... बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# नयाँ उचाइसहित अर्को चैत २४ को आवश्यकता

नेपालको राजनीतिक इतिहासमा चैत २४ गते जनताले निरङ्कुश शासन सामन्तवादका विरुद्ध विद्रोह बोलेको दिन हो । क्रान्तिकारी कम्युनिस्टहरूले बनाएको संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिले २०४६ चैत २४ गते नेपाल बन्द गर्दा काठमाडौँका सडकमा जनताको महासागर उर्लिएको थियो । जनताले पूर्णमुक्तिको चाहना बोकेर आन्दोलन गरेर तानाशाहलाई घोडाबाट खसालिदिएको दिन हो, चैत २४ । जुन दिनबाट निरंकुश पञ्चायती व्यवस्था इतिहासमा कहिल्यै उदाउने गरी अस्तायो । जनताले आमूल परिवर्तन वा पूर्णमुक्तिको अपेक्षा गरेर आन्दोलन गरेको यो दिनलाई नेपालका संसदवादी कम्युनिस्ट या लोकतन्त्रवादी भन्नेहरूले यसको महत्वलाई न्युनीकरण गर्ने प्रयत्न गरिरहेका छन् । नेपाली राजनीतिमा क्रान्तिकारी वैज्ञानिक समाजवादीहरूले चैत २४ लाई जनताको राज्यव्यवस्था स्थापनाको आधार तयार गरेको दिनको रूपमा लिने गर्दछन् ।

इतिहासमा चैत २४ को स्मरण गर्दा २०३६ सालको चैत २४, पन्चायतविरोधी आन्दोलनको एउटा महत्वपूर्ण खुड्किलोको रूपमा आउँछ । त्यति बेला नै राजतन्त्रवादी र गणतन्त्रवादीहरू २ ध्रुवमा विभाजित भएका थिए । गणतन्त्रवादीहरूले गरेको आन्दोलनले नयाँ दिशा दिने निश्चित भएकै समयमा राजा र नेपाली काँग्रेसको गठजोडका कारण देशलाई जनमत संग्रहतिर सोझ्याइएको थियो । सैद्धान्तिरूपले जनमत संग्रह जनताको जनमत बुझ्ने पद्धति भए पनि ३६ सालमा षड्न्त्रपूर्वक जनताको मतलाई सत्ताधारीले दुरुपयोग गरे । जनमत संग्रहबाट असन्तुष्ट जनतालाई आन्दोलनमा ल्याउन २०४६ माघमा काङ-वाम गठबन्धनले आन्दोलनको घोषणा गऱ्यो । काङ-वाम गठबन्धनले आन्दोलनलाई गति दिन नसकेको बेला क्रान्तिकारीहरूको संयुक्त राष्ट्रिय जनआन्दोलनले चैत २४ गते शान्तिपूर्ण नेपाल बन्द आह्वान गऱ्यो । आन्दोलनमा तत्कालीन पञ्चायती व्यवस्थाले क्रूर दमन गऱ्यो । तर, पञ्चायती व्यवस्थाबाट आजित जनता घरेलु हतियारसहित कर्फ्यू तोडेर काठमाडौंका सडकमा निस्कँदा कैयौँको बलिदानसमेत भयो । जनताको चाहना देशमा गणतन्त्र स्थापना गर्ने भए तापनि चैत २६ गते भारतीयहरूको चाहनामा राजा-काङ-वाम सम्झौतामा आन्दोलन टुंगियो ।

आफूलाई प्रजातन्त्रवादी र लोकतन्त्रवादी भन्नेहरूले २०४६ सालको जनआन्दोलनको बलले प्राप्त गरेको उपलब्धिमा टेकेर दुईतिहाइ या बहुमतको सरकार पटक पटक चलाए । जनताका विरुद्ध राजतन्त्रात्मक संसदीय व्यवस्थाको लादिँदा देशलाई विस्तारै पराधीन बनाउँदै लग्यो । आमूल परिवर्तनको हुटहुटी बोकेका क्रान्तिकारीहरू चैत २६ को सम्झौताविरुद्ध संगठित हुँदै गए । क्रान्तिकारीहरूले नेतृत्व गरेको तत्कालीन नेकपा (एकता केन्द्र) ले २०४७ सालको संविधानलाई अस्वीकार गर्दै आन्दोलन अघि बढायो । २०३६ साल र २०४६ सालमा ठुला ठुला आन्दोलन हुँदा पनि नालायक शासक र नेतृत्वको कारण जनताले धोका खाएपछि क्रान्तिकारीहरूको पहलमा २०५२ सालमा नेपालमा सशस्त्र जनयुद्ध सुरु भयो । जनयुद्धको एक दशकभित्र माओवादीले देशको विशाल ग्रामीण भूभाग कब्जा गर्नुको साथै, हजारौँ जनमुक्ति सेना निर्माण गऱ्यो ।

तत्कालीन नेकपाको चुनबाङ बैठकले लिएको कार्यदिशापछि नेकपा र तत्कालीन ७ राजनीतिक दलबिच १२ बुँदे सम्झौता भयो । उक्त सम्झौतापछि नेपालबाट राजतन्त्रको पनि अवसान भयो । राजतन्त्रको अवसान भएपछि नेपालमा गणतन्त्र त आएको छ, तर जनयुद्धका नायकहरू संसदीय व्यवस्थामा पतन भएपछि अहिले देश दलाल पुँजीवादी व्यवस्थाले गाँजेको छ, जसका कारण देश पराधीन बन्न पुगेको छ । जनयुद्ध र जनआन्दोलनका उपलब्धिलाई धरासायी बनेको निष्कर्षसहित नेपाल कम्युनिस्ट पार्टीले यति बेला देशलाई दलाल संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवादको बहस सिर्जना गरेको छ । तसर्थ, देशलाई दलाल संसदीय व्यवस्थाको चंगुलबाट मुक्त गर्नका लागि नयाँ उचाइबाट अर्को चैत २४ सिर्जना गर्नुपर्ने आवश्यकता बढेर गएको छ ।

**लेखकहरूलाई सूचना**

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# चैत २४ को गौरवगाथा



अनिल शर्मा 'विरही'

**क. पृष्ठभूमि**

सुगौली सन्धिपछि नेपाल अङ्ग्रेजको सुरक्षा छाताभित्र कैद भएको थियो । भारतबाट अङ्ग्रेज पलायन भएपछि भारतले आफूलाई दक्षिणएसियामा अङ्ग्रेजको उत्तराधिकारी ठान्दै आयो । तर दक्षिणएसियाका देशहरू विश्व लहरसँगै स्वतन्त्र हुन चाहन्थे । सन् १९५० मा भारतले ढल्न लागेको निरीह रणणा सरकारलाई दबाब दिएर तथा उनीहरूको सम्पत्ति, सत्ता साझेदारी र शरण दिने प्रलोभनसमेत दिएर कथित 'शान्ति तथा मैत्री' सन्धि गरायो । त्यसबेला समाजवादी शिविर शक्तिशाली थियो । उत्तरी छिमेकमा माओ त्सेतुङ नेतृत्वको समाजवादी चीन थियो । जसको प्रभाव र वैचारिक उत्प्रेरणा तीव्र बन्दै गएको थियो । भारतको अपेक्षाविपरीत २०१३ सालमा नेपाल र चीनका बीचमा दौत्य सम्बन्ध कायम भयो । त्यसैगरी २०१६ सालमा 'नेपालमाथिको हमला भारतमाथिकै हमला हो' भन्दै नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्न चाहने नेहरूको धारणालाई प्रधानमन्त्री बीपी कोइरालाले ठाडै अस्वीकार गरिदिए । बीपीसँग चिढिएको दिल्लीले महेन्द्रलाई उचाल्दै थियो । राजा महेन्द्रले भारतसमर्थित संसदीय व्यवस्था नै उखेलेर पञ्चायती व्यवस्था लागू गरे ।

२०२६ सालमा नेपालको उत्तरी सिमानामा रहेका भारतीय सैन्य चौकी र जाउलाखेलमा रहेको सैन्य मिसन कार्यालय नेपालले फिर्ता गऱ्यो । २०३३ सालमा भारतको दबाबबाट वाक्क भएका बीपी कोइराला 'इन्दिरा गान्धीको जेलभन्दा नेपालकै जेलमा बस्नु बेस्' भन्दै स्वदेश फर्किए । २०४५ सालमा राजा वीरेन्द्रले चीनबाट हतियार खरिद गरे । दिल्लीको इच्छाविपरीत राजा वीरेन्द्रले शान्ति क्षेत्रको प्रस्ताव अगाडि बढाइरहेका थिए । सङ्क्षिप्तमा भन्दा 'भारतले नेपाललाई आफ्नो नियन्त्रणभित्र राख्न चाहने तर नेपाल भने बाहिर निस्कन चाहने परस्पर विरोधी रणनीति' का कारण दिल्ली र काठमाडौँको बीचमा सधैँ तनावपूर्ण सम्बन्ध रहिआएको छ । २०२७ सालमा नाकाबन्दी लगाएको भारतले २०४५ सालमा पुनः नेपालमाथि नाकाबन्दी लगाएको थियो । नाकाबन्दीको अस्त्र प्रयोग गरेर भारतले नेपाल सरकारलाई झुकाउने रणनीति अख्तियार गऱ्यो । निरङ्कुश पञ्चायती व्यवस्थाबाट असन्तुष्ट जनमत भारतका विरुद्ध नगएर पञ्चायती व्यवस्थाविरुद्ध उत्रियो । राजनीतिक दलका नेताहरू संयुक्त जनआन्दोलनका पक्षमा ध्रुवीकरण हुन थाले ।

**ख. संयुक्त आन्दोलनको प्रयास**

भारतीय नेताहरूको पहलमा नेपाली काङ्ग्रेसले एक्लै पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलनको घोषणा गर्ने तयारी गऱ्यो । उता नेकपा (माले), नेकपा (मशाल), नेकपा (चौम) लगायत १२ वटा वामपन्थी पार्टीहरूका बीचमा कार्यगत एकता गरी आन्दोलनमा उत्रिने समझदारी भैसकेको थियो । त्यसैबीच वामपन्थी दलहरूलाई एकजुट हुन नदिने साम्राज्यवादी खेल सुरु भयो । नेकपा (माले) र नेकपा (चौम) ले पूर्वअडानबाट पछाडि हटेर ७ वटा दक्षिणपन्थी दलहरूको सहाना प्रधानको नेतृत्वमा 'वाम' मोर्चा गठन गरे । त्यसले नेपाली काङ्ग्रेसले घोषणा गरेको एकतर्फी नारामा सहमति जनायो । 'वाम' मोर्चा काङ्ग्रेसको पुच्छर बनेको चर्चा गरियो । 'संसदीय व्यवस्थाको पुनर्स्थापना' नेपाली काङ्ग्रेस र 'वाम' मोर्चाको अधिकतम कार्यक्रम थियो ।

नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारावादी श्रमिक सङ्गठन, नेकपा (मालेमा) र नेपाल कम्युनिस्ट लिगले डा. बाबुराम भट्टराईको संयोजकत्वमा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' नामक क्रान्तिकारी वाम गठबन्धन गठन गरेर जनआन्दोलनमा जाने निर्णय गरे । २०४६ साल माघ ५ गते गणेशमान सिंहको निवास ठमेल, चाक्सीबारीमा भएको भेलाले फागुन ७ गतेदेखि जनआन्दोलनमा उत्रने निर्णय काङ्ग्रेसले गऱ्यो । २०४६ साल माघ २ गते काठमाडौँ खिचापोखरीस्थित पानोरमा होटेलमा पत्रकारसम्मेलन गरी संयुक्त 'वाम' मोर्चा गठन भएको घोषणा गरियो । वाममोर्चाले नेपाली काङ्ग्रेसकै नारा र मितिमा काठमाडौँबाट आन्दोलन घोषणा गरेको थियो । संयुक्त राष्ट्रिय जनआन्दोलनले भने नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाभन्दा केही दिन अगाडि चितवनबाट आन्दोलन सुरु गरेको थियो । नारायणगढबाट सुरु भएको आन्दोलनको पहिलो दिनमै हितमान शाक्य, मोतीरत्न अमात्यलगायत सयौँ कार्यकर्ता गिरफ्तार भएका थिए । क्रान्तिकारी वाम गठबन्धनले पञ्चायती व्यवस्था र राजतन्त्रविरुद्ध नारा दिएको थियो । वाममोर्चा काङ्ग्रेसको 'संवैधानिक राजतन्त्र' का पक्षमा र क्रान्तिकारी वाममोर्चा ' गणतन्त्र' को पक्षपाती भएका कारण सबै वामपन्थीको एउटै मोर्चा बन्न सकेन ।

**ग. चैत २४ गते र नेपाल बन्द**

नेपाली काङ्ग्रेस र वाममोर्चाको आन्दोलनमा सहभागिता घट्दै गएको थियो । नेपाली काङ्ग्रेस 'निर्दलीय' प्रावधान हटाएमा पञ्चायती व्यवस्थामै समाहित हुने मानसिकता थियो । बीपीपुत्र प्रकाश कोइरालाले आन्दोलन स्थगित गरेर राजासँग वार्ता गर्नुपर्ने धारणा सार्वजनिक गरिसकेका थिए । त्यो वक्तव्य सुनेर नोना कोइराला बेहोस भएर ढलेको सन्सनीपूर्ण खबर फैलिएको थियो । त्यसैबीच चैत ३ गते प्रलेसले शान्तिवाटिकामा राखेको मौन जुलुसले केही राहत महसुस गरिँदै थियो । त्यसैबीच चैत २४ गते संयुक्त राष्ट्रिय जनआन्दोलनले नेपाल बन्दको घोषणा गऱ्यो । त्यो घोषणाले वातावरण तात्दै गएको थियो ।

**घ. हुरी चल्नुअघिको सन्नाटा**



साँझपख चलेको हावाले वसन्तऋतुको आगमन साबिकभन्दा केही अघि नै हुन लागेको सङ्केत दिइरहेको थियो । काठमाडौँवरपरका पहाडहरू साँझको अँध्यारोमा बिलाउँदै गएका थिए । प्रायः सबै पसलका सटरहरू बन्द भइसकेकाले सडकमा सडक बालबालिका मात्र थिए । तिनलाई भुस्याहा कुकुरहरूले साथ दिइरहेका थिए । दिउँसो कोलाहल मात्र रहने बागबजारका सडक रात छिप्पिँदै जाँदा अपत्यारिलो ढङ्गले सुनसान बनेको थियो । कुकुरहरूका भुकाइ र फाट्टफुट्ट चलेका मोटरसाइकलको आवाजले रातको चकमन्नतालाई किञ्चित खलबल्याउँथ्यो । मानिसहरूलाई त्यस रात अँध्यारोमा के हुन लागिरहेको थियो, त्यसको अत्तोपत्तो थिएन ।

देशभर आन्दोलन उग्र बन्दै गएको थियो । चितवन, हेटौँडा, जनकपुर, पोखरा, भक्तपुरजतातत्तै हत्या र धरपकड बढ्दै गएको थियो । चैत १७ गते पाटनमा गोली चलाइएपछि चैत २० गते त्यसको विरोधमा 'उपत्यका बन्द' को घोषणा गरिएको थियो । कीर्तिपुर, पाँगा र नगाउँलाई प्रशासनले 'लालकिल्ला' ठान्थ्यो । चैत २७ को गोलीकाण्डपछि चैत १८ गते पाटनलाई 'मुक्त क्षेत्र' घोषणा गरिएको थियो । पाटन नगरभित्र 'अपरिचित र प्रहरी प्रवेशनिषेध' गरिएको थियो । भूमिगत नेताहरू खुला भाषण गर्न थाले । जनता घरेलु हातहतियारसहित पहरा दिन्थे । पाटनले चैत १८ पछि पूरै देशको नेतृत्व गरेको थियो । चैत १५ गते कीर्तिपुरमा पटकपटक भिडन्त भएको थियो । साँझमा प्रहरीले हेलिकोप्टरले आन्दोलनकारीमाथि गोलाबारी गऱ्यो । कयौँ आन्दोलनकारी मारिएका थिए ।

चैत २१ गतेदेखि कीर्तिपुर र त्यसआसपासका गाउँहरू पनि मुक्त क्षेत्र घोषणा भैसकेका थिए । त्रिभुवन विश्वविद्यालयमा प्रहरी र विद्यार्थी भिडन्तमा दर्जनौँ घाइते भएका थिए । विद्यार्थी नेता कृष्ण सेन 'इच्छुक' लगायत दर्जनौँ गिरफ्तार भएका थिए । चैत २१ गते प्रहरीले वीर अस्पताल र शिक्षण अस्पतालमा हस्तक्षेप गरेपछि भोला रिजाल र मथुराप्रसाद श्रेष्ठको नेतृत्वमा चिकित्सकहरू पनि आन्दोलनमा उत्रिए । सरकारी कर्मचारीहरू पनि सरकारी दबाब अस्वीकार गर्दै आन्दोलनमा उत्रिन थाले । देशबाहिर प्रमुख सहरहरू रगताम्य भैसकेका थिए । हेटौँडा, नारायणघाट, पोखरा, जनकपुरका मूल सडकका पसलका सटरहरू गोलीले प्वालैप्वाल बनेका बीभत्स दृश्य देखिन्थे । मङ्गलबजारमा थुनिएका प्रहरीको उद्धारमा शाहीसेना खटाउने सूचना पाएपछि प्रहरीलाई आन्दोलनकारीले छोडिदिए । प्रहरी जुवा हारेको जुवाडेझैँ लुरुलुरु पैदलै लगनखेलतिर गए ।

चैत २१ गते नै नेपालका बैङ्कहरू डुब्न लागेको, कतिपय शासकहरू भाग्न लागेकोजस्ता हल्ला भए । सरकारले त्यसको खण्डन गऱ्यो । तर परिणाम उल्टो आयो । निक्षेपकर्ताहरू बैङ्कतिर दौडन थाले रन टु बैङ्कको अवस्था सिर्जना भयो । २२ गते राति राजा वीरेन्द्रले भूतपूर्व प्रधानमन्त्रीलगायत वरिष्ठ पञ्चहरूको बैठक बोलाएर रायसुझाव लिएका थिए । २३ गते मध्याह्नमा राजाले फेरि अर्को बैठक बोलाए । उक्त बैठकमा २०४५ सालमा मरिचमान सिंहको विरोधमा ल्याउन खोजिएको अविश्वासको प्रस्ताव दरबारले रोकेकाले त्यो प्रक्रिया अगाडि बढाउनुपर्ने र आन्दोलनकारीसँग वार्ता गर्नुपर्ने भन्ने सुझाव धेरैजसोको थियो ।

२३ गते साँझ वाणिज्यमन्त्री शरतसिंह भण्डारी चैत २४ गतेको संयुक्त राष्ट्रिय जनआन्दोलनद्वारा घोषित बन्द असफल पार्नका लागि व्यापारीसँग सल्लाह गर्न नयाँ सडक पुगेका थिए । त्यहाँबाट भण्डारी मन्त्रीमण्डलको बैठकका लागि सिंहदरबार गए । त्यहाँ मन्त्रीहरूबीचमै भनाभन भयो । दरबारमा कस्तो खिचडी पाक्छ, कसैलाई थाहा थिएन । त्यसै रात २१ सदस्यीय निर्देशन समितिको बैठकमा प्रधानमन्त्री र गृहमन्त्रीलाई बोलाइएन । नवराज सुवेदी आफू प्रधानमन्त्री हुने दाबी गर्दै थिए । तर दरबारले राष्ट्रिय पञ्चायतको अध्यक्ष नै प्रधानमन्त्री हुने परम्परा तोड्दै थियो । २३ चैत राति १०:४५ को रेडियो नेपालको समाचारले चैत २४ गते बिहान ६:४५ मा राजाले देशबासीका नाममा सम्बोधन गर्ने समाचार सम्प्रेषण गऱ्यो । राजाले केही सुधार र वार्ताको पहल गर्ने अड्कल गरियो ।

**ङ. चैत २४ : ऐतिहासिक दिन**

२०३५ साल चैत २४ गतेकै दिन भुट्टोलाई फाँसी दिएको विरोधमा विद्यार्थी सडकमा ओर्लिएका थिए । प्रहरी र विद्यार्थी झडपले जनआन्दोलनको रूप धारण गरेपछि राजा वीरेन्द्रले 'आज' कै दिन पञ्चायती व्यवस्थालाई दाउमा राख्दै जनमतसङ्ग्रहको घोषणा गर्नुपरेको थियो । त्यही चैत २४ गतेको ऐतिहासिक दिन संयुक्त राष्ट्रिय जनआन्दोलनले नेपाल बन्द घोषणा गरेको थियो । बिहान ६:४५ को शाही सम्बोधनले मरिचमान श्रेष्ठ मन्त्रीमण्डलको खारेजी, लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ मन्त्रीमण्डल, आन्दोलनकारीसँग वार्ता र संविधान सुधार सुझाव आयोग गठन गर्ने मुख्य ४ विषय घोषणा गऱ्यो । वाममोर्चा र नेपाली काङ्ग्रेसका नेताहरू छलफलमै थिए । तलका कार्यकर्ताहरू अन्योलग्रस्त थिए । उता काठमाडौँमा शाही सम्बोधनका विरुद्ध विरोध प्रदर्शन भइरहेको थियो । त्यो सूचना पाएका 'वाम-काङ' गठबन्धनका कार्यकर्ता पनि पार्टीको आदेश नपर्खी जुलुसतिर मोडिए । संयुक्त राष्ट्रिय जनआन्दोलनका घटकहरूलाई भने शाही घोषणाले कुनै प्रभाव पारेको थिएन । त्यस दिन उसको नेतृत्वमा नेपाल बन्द घोषणा भएकाले व्यस्त र उत्साहित थिए ।

बिहान ७ बजे जैसीदेवलमा सानो जुलुस निस्कियो । राजतन्त्रविरोधी नारा लगाउँदै जुलुस नरदेवीतिर लाग्यो । जुलुस किलागल पुग्दा नरदेवी मन्दीरतिरबाट प्रहरीका बाहन आएका कारण जुलुस भेडासिंतिर मोडियो । तर असन र इन्द्रचोकबाट समेत पछ्याएको प्रहरीको चेपुवामा जुलुस पऱ्यो । भेडासिंमा पहिलो झडप भयो । तितरबितर भएको जुलुस असनमा जम्मा भएर फेरि अगाडि बढ्यो । त्यो जुलुस भोटाहिटीतिर लाग्यो । तर प्रहरीले अगाडि जान दिएन । उता जैसीदेवलबाट अर्को जुलुस टेकुतिर बढ्यो । त्यतिबेला बिहानको १० बजिसकेको थियो । पाटन र कीर्तिपुरमा पनि काठमाडौँ तातेको, झडप भैरहेको सूचना पुग्यो । त्यसपछि पाटन र कीर्तिपुरबाट जुलुस काडमाडौँ सोझियो । त्यसबेलासम्म कुनै दलका नेताहरू जुलुसमा थिएनन् । संयुक्त राष्ट्रिय जनआन्दोलनका तल्लो समितिका युवा र विद्यार्थी मात्र सहभागी थिए । मध्याह्न १२ बजे मात्र वाममोर्चा र नेपाली काङ्ग्रेसले ललितपुरको नाकबहालमा शाही घोषणाका विरुद्ध भेला बोलाएका थिए । त्यसबाट थाहा हुन्छ- वाम-काङ मोर्चा निक्कै पछाडि परेको थियो । वाम-काङले जुलुस काठमाडौँ नलग्ने सूचना दिएर भीड आक्रोशित भएपछि उनीहरूले निर्णय सच्याउन बाध्य भएको तथ्य 'जनता जागेका बेला' कृतिकी जापानी लेखक कियोको ओगुराले समेत बताएकी छिन् । संयुक्त राष्ट्रिय जनआन्दोलनले कीर्तिपुरवासीलाई नयाँबजारमा जम्मा भएर काठमाडौँ जाने सूचना सार्वजनिक गरेको थियो ।

अपराह्न १ बजे जुद्ध वारुणयन्त्रनेर सिट्ठी बज्नासाथ एकाएक मान्छेको हूल अरिङ्गालझैँ इन्द्रचोक, पीपलबोट र नगरपालिका भवनतिरबाट ओइरियो । त्यो भीड नयाँसडक ढाक्दै द्वारतिर बढ्यो । जुलुसले राजाकै विरुद्ध

... बाँकी पृष्ठ ७ मा

# पत्रकार महासङ्घको निर्वाचन र जनपक्षीय पत्रकारिता

*नेपाल पत्रकार महासङ्घको निर्वाचनमा भाग लिँदै गर्दा पत्रकारहरूले धेरै कुरामा सोच विचार गर्न आवश्यक छ । सूचनाको निर्बाध प्रवाहबिना स्वाधीनता बाँच्न सक्दैन । स्वाधीनता, सामाजिक उत्तरदायित्व, नैतिक आचारण अन्योन्याश्रित विषय हुन् । जनताद्वारा निर्मित र नियन्त्रित सूचना तथा सञ्चार समृद्धिको आधार बन्दछ ।*



खेम थपलिया

आज देशभर नेपाल पत्रकार महासङ्घको २६औं महाधिवेशनको निर्वाचन भइरहेको छ । नेपालका पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासङ्घले यसअघि २५ वटा महाधिवेशन सम्पन्न गरिसकेको छ । नेपालको जनपक्षीय आन्दोलनमा यस क्षेत्रले निर्वाह गरेको भूमिका आफ्नै स्वत्वमुताविक छँदै छ तर बदलिँदो परिस्थितिमा यसले आफ्नो पुरातन स्वभावमा रूपान्तरण गर्न नसकिरहेको यथार्थबारे आज गम्भीर बहस भइरहेका छन् । जनयुद्ध, विभिन्न समयमा भएका जनआन्दोलन र पछिल्लो चरणमा भइरहेको एकीकृत जनक्रान्तिमा नेपालका पत्रकारहरूले निर्वाह गरेको भूमिका गम्भीर समीक्षाको विषय बनेका छन् । नेपाल पत्रकार महासङ्घको नीति, नेतृत्व, सङ्गठन र कार्यप्रकृतिबारे विभिन्न कोणबाट विषय उठेका छन् । पत्रकार महासङ्घको २६औं निर्वाचन र यसको जनपक्षीयकरणसम्बन्धी स्थूल धारणा बनाउनु आजको आवश्यकता हो । समकालीन नेपाली पत्रकारिता क्षेत्रको आवश्यकताअनुरूप नीति र नेतृत्वको निर्माणमा गम्भीरताका साथ लाग्नु आज सम्पूर्ण पत्रकारहरूको दायित्व बन्न पुगेको छ ।

आजको मिडिया प्रचलित शासनअनुकूल सोच्ने र लेख्ने बनाउने हिटलरको सञ्चारमन्त्री जोसेफ गोयबल्सको पथभन्दाबाहिर जान सकेको छैन । यसको कारण दलाल पुँजीपति र सञ्चार जगत्को अन्तरङ्ग सम्बन्ध रहनु हो । समकालीन नेपाली राजनीति पनि ध्रुवीकरण, सत्तारुढका शोषण तथा लुटका अथाह शृङ्खला एवम् वैदशिक हस्तक्षेपका नयाँ-नयाँ आयामलाई मुखरित गर्दै अघि बढिरहेको छ । सामाजिक फासिवादी सत्तालाई कडा टक्कर दिँदै यतिखेर जनयुद्धको मूल लक्ष्य भेदनका साथ महान् सहिदहरूका सपना पूरा गर्न प्रतिवद्ध नेपाल कम्युनिस्ट पार्टी एकीकृत जनक्रान्तिको सार्थक क्रियान्वयनको दिशामा अघि बढिरहेको छ । यस्तो बेला भइरहेको नेपाल पत्रकार महासङ्घको निर्वाचनबारे मिडियाबारे चर्चा गर्नु आवश्यक हुन्छ । मिडिया सबैका लागि पहिलो प्राथमिक विषय बनेको छ । यतिखेर समाजवादी क्रान्तिकालमा जनपक्षीय मिडियाकर्मीले निर्वाह गरेको भूमिका विशेष स्मरणीय छ । नेपालको वर्गसङ्घर्षको खासखास चरणमा नेतृत्वदायी स्तरबाट विशेष योगदान हुँदै आएको छ । कृष्ण सेनलगायत दुईदर्जनभन्दा बढी क्रान्तिकारी पत्रकारहरूको बलिदानीपूर्ण भूमिकाले हामीलाई निरन्तर प्रेरणा दिइरहेकै छ ।

जनपक्षीय मिडियाको काम परिवर्तनको पक्षमा सूचना प्रवाह गर्नु हो । यस्तो मिडिया नै जनपक्षीय मिडिया हुन्छ, जसले वर्गविभाजित समाजमा श्रमजीवी तथा उत्पीडित वर्गपक्षधरताको वकालत गर्दछ । यो वर्गसङ्घर्षको विविध प्रक्रियाका समष्टिगत सूच्यता हो । विश्वका सबै सूचना वर्गसङ्घर्षका घटना प्रक्रियासँग सम्बन्धित छन् । सूचनाको सही पहिचान गर्नु र त्यसलाई सही स्थानसम्म सही तरिकाले सम्प्रेषण गर्नु निश्चय पनि धेरै महत्वपूर्ण कुरा हो । निरन्तर चलिरहने वर्गसङ्घर्षमा आफ्नो वर्गपक्षधरताका आधारमा सूचनाको सही छनोट गर्दै क्रान्तिकारी अभियानको हितार्थ सूचना-सञ्चार गर्नु क्रान्तिकारी मिडियाकर्मीको मोठ अभिव्यक्ति हो । तसर्थ, क्रान्तिका गौरवशाली इतिहासको आलोकमा वर्तमानलाई जनपक्षीयकरण गर्नु र भविष्यमा जनताको मुक्ति अभियानको सफलताका लागि प्रगतिशील शक्तिहरूको पक्षमा सूचनाहरूको प्रवाह गर्नु क्रान्तिकारी मिडियाकर्मीको मूल दायित्व हो । लेनिनले भनुभएजस्तै पत्रकारिता प्रचार र सङ्घर्षको मात्र साधन होइन, सङ्गठन गर्ने माध्यम पनि हो । यसको शक्ति र प्रभावकारिताबारे माओले सूचना र सञ्चारक्षेत्र क्रान्तिको अग्रीम चौकी हो भनेर उतिबेलै स्पष्ट गरिसक्नुभएको हो । नेपोलियनले “म चारहजार दुश्मन सैनिकका सङ्गीनहरूभन्दा चारवटा मेरा विद्रोही अखबारसँग डराउँछु,” यसै भनेका थिएनन् ।

समाज विकासको तीव्रतासँगै सूचना-सञ्चारको महत्व पनि बढ्दै गएको छ । आदिम कविलाई युगदेखि भूमण्डलीकृत पुँजीवादी साम्राज्यवादी युगसम्म सूचना-सञ्चारको भूमिका क्रमिक रूपमा बढिरहेको देखिन्छ । कर्पोरेट पुँजीवादी विस्तार मुखी विश्वप्रणालीले यसको सर्वाधिक दोहन गरिरहेको छ । आज साम्राज्यवादी सिद्धान्तकारहरूले वर्तमानलाई सूचना-सञ्चारको युग भन्दै सूचनाको दोहनका माध्यमबाट पुँजीवादी शक्तिकेन्द्रको सवलीकरणमा जोड गरिरहेका छन् । पुँजीवादले एकै सिक्काका दुई पाटाका रूपमा सञ्चार-माध्यमलाई सर्वाधिक उपयोग गरिरहेका छन् । पुँजीवादले मुनाफा आधिक्यीकरण तथा शीघ्र असुल गर्न सूचना-सञ्चारको भरपूर उपयोग गरिरहेछ । उनीहरूले साम्राज्यवादी सूचना भूमण्डलीकरण नै खडा गरेका छन् । यसविरुद्ध सङ्घर्ष गर्ने तागत भर्न सर्वहारा वर्गको सूचना-सञ्चारको सशक्तिकीकरण अनिवार्य शर्त हो । आज मिडियाकर्मीको भूमिका कैयौँगुणा बढेको छ । साम्राज्यवादको अर्को नाम युद्ध-पुँजीवाद हो । उसले सूचना-सञ्चारलाई आफ्नो अन्यायपूर्ण युद्धमा प्रचारयुद्धको सशक्त हतियारको रूपमा प्रयोग गर्दै आइरहेको छ । सर्वहाराले पनि सूचना-सञ्चारलाई न्यायपूर्ण युद्धको हतियारको रूपमा प्रयोग गर्न आवश्यक छ । बहुसङ्ख्यक जनसमुदायको प्रतिनिधित्व गर्ने सर्वहाराले सत्य, तथ्य र न्यायको प्रसार गरेर प्रतिक्रियावादीको दुष्प्रचारलाई चिर्ने हतियारको रूपमा उपयोग गर्दछ, जसमा क्रान्तिकारी मिडियाकर्मीको जनपक्षीय चातुर्य महत्वपूर्ण हुन्छ ।

महाभारतको लडाइँमा कृष्णको चतुर सञ्चारनीतिका कारण पाण्डवको जित सम्भव भएको थियो । थोमस जेफर्सनले भनेका थिए, “सरकार ढल्न सक्छ तर पत्रकारिता ढल्दैन ।” भनिन्छ, एक पत्रकार मारियो भने ऊसँग हजारौं सत्यता पनि सँगसँगै मारिन्छन् । नेपालका जनपक्षीय पत्रकारहरू फासिवादी सत्तासित लडिरहेका छन् । साम्राज्यवादको थुक चाटेर व्यक्तिगत स्वतन्त्रताको बहानामा राष्ट्रविरूद्ध पत्रिका पृष्ठ र अनलाइन पोर्टल रङ्याउने दलाल पत्रकारहरूलाई अहिले रामराज्य भएको छ । यो सत्ता क्रान्तकारी देशभक्त पत्रकारलाई जेल-हिरासतमा थुनिरहेछ, आस्थाका आधारमा बिनाकारण बिनाप्रमाण कलमजीवी एवम् बुद्धिजीवीहरूमाथि धरपकड, हस्तक्षेप, अपमानजनक व्यवहार गरिरहेछ । यो सत्ता भ्रष्टहरूको कर्तुत भण्डाफोर गरेकै आधारमा श्रमजीवी तथा क्रान्तिकारी पत्रकारको कलम थुतेर हातमा हतकडी लगाउँछ ।

मिडिया यस्तो क्षेत्र हो, जसले पत्रकारलाई पहिलो दर्शक बनाउँछ । मिडिया इतिहासको खेस्राको रूपमा पनि स्थापित छ । नेपालमा दलाल सत्ताले साम्राज्यवादी टेकोपोडोमा सूचना-आतङ्क मच्चाइरहेको छ । अबको विश्वमा ‘सूचनायुद्ध’ नजितीकन ‘राजनीतिक युद्ध’ जित्न कठिन हुँदै गएको छ । हामीले एक्काइसौँ शताब्दीको क्रान्तिको आवश्यकतालाई पूरा गर्न सक्नेगरी मिडिया परिचालन गर्नुपर्दछ । साम्राज्यवादी लुट, हस्तक्षेपमा आधारित उत्तर-आधुनिकतावादी मिडियाकरणका विरुद्ध सशक्त प्रतिवाद गर्न जनपक्षीय मिडियाकर्मीमा एकताको नितान्त खाँचो छ । उत्तर-आधुनिकतावादको शिरोच्छेदन गरेर मात्र मार्क्सवादको सही रक्षा र प्रयोग हुन सक्तछ । विश्वमा भूमण्डलीकृत साम्राज्यवाद रहेसम्म मानवसत्ताको भविष्य उज्यालिन सक्तैन । नेपालमा एड्गर स्नो र आग्नस स्मेल्डीजस्ता गतिवान् मिडियाकर्मी चाहिएको छ । नेपाली जनयुद्धको विश्वव्यापी प्रचार गर्न अमेरिकी पत्रकार ली अर्नेस्टोको भूमिका निकै माथिल्लो स्तरमा रहेको छ । जनयुद्धद्वारा नेपालका ग्रामीण इलाका बनेका येनानको प्रचारले मनोवैज्ञानिक रूपमै ठूलो काम गरेको थियो । जनयुद्धकालीन मिडियाहरू आज करिब-करिब अस्तित्वविहीन अवस्थामा छन् । त्यतिखेरका पत्रकारहरू आज करिब-करिब ओझेलमा छन् । निरन्तर क्रान्तिको आलोकमा मिडिया र मिडियाकर्मीहरूको सङ्घर्षशील यात्राको निरन्तरता जरुरी छ ।

लेनिनले जनपक्षीय पत्रकारितालाई प्रचारकर्ता, आन्दोलनकर्ता, राजनीतिकर्ता र सङ्गठनकर्ताको रूपमा चर्चा गरेका छन् । पत्रकार/पत्रिका/सञ्चार-माध्यमले एकैसाथ प्रचारकर्ता, राजनीतिकर्ता, आन्दोलनकर्ता र सङ्गठनकर्ताको काम गर्ने भएकाले यसलाई एकीकृत कमाण्ड भनिएको हो । क्रान्तिकारी मिडियाकर्मीले विचारधारात्मक काम गरिरहेका हुन्छन् । आन्दोलन र सङ्गठनबाट अलग भएर गरिने प्रचार निरुद्देश्य र निष्प्रभावी हुन्छ । प्रतिक्रियावादीहरू वर्गपक्षधरता र सामाजिक दायित्वको निर्वाहलाई मिसन भनेर उपहास गर्दछन् । वर्गीय प्रतिवद्धता र श्रममा आधारित व्यावसायिकताबिचको भीमकाय पर्खाल भत्काउन क्रान्तिकारी पत्रकारले ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै आफ्ना सूचनाकर्मलाई चुस्तदुरुस्त बनाउनैपर्दछ । मुख्य कुरा वर्गीय दृष्टिकोणमा प्रस्ट रहने र क्रान्तिकारी विज्ञानलाई दऱ्होसित पक्रने कुरा नै हो ।

माओले भनेका छन्, “क्रान्तिकारी पत्रकारका कलमहरू सजीव, प्रस्ट र तिख्खर हुनुपर्छ । मसिनो स्वरमा गुनगुनाउने र कुरा चपाउने गर्नुहुँदैन । हामीले जनतालाई सत्य चिन्ने शिक्षा दिन र तिनको आफ्नै मुक्तिका लागि लड्न तिनलाई ब्यूँभाउन चाहेका हुनाले हामीलाई लडाकु शैलीको खाँचो पर्छ । भुतेचक्कुले बैरीको रगत बगाउन सक्दैन ।” भनिन्छ, संसारमा सबैभन्दा सुन्दर कुरा जनताको स्वतन्त्रता हो । माओले कसैको दासताबाट स्वतन्त्रता पाइँदैन भन्नुभएको छ । जनता र सत्यका पक्षमा दृढतापूर्वक खडा हुने क्रान्तिकारी स्पिरिट आजको क्रान्तिकारी पत्रकारिताको आवश्यकता हो । जनसमूहलाई शिक्षा दिनका लागि मिडियाकर्मीहरूले सबभन्दा पहिले जनसमूहबाट सिक्नुपर्छ । जनयुद्ध रणनीतिक रक्षा, रणनीतिक सन्तुलन र रणनीतिक प्रत्याक्रमणसम्म पुग्दै गर्दा क्रान्तिकारी पत्रकारहरूले त्यसको विकास र विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यतिबेला क्रान्तिकारी पत्रकारहरूले युद्धमोर्चामा सशरीर उपस्थित भएर वस्तुगत मूल्याङ्कनका साथ सत्य र तथ्यपरक सूचना सम्प्रेषण गरेका थिए । सूचना साम्राज्यवादविरुद्ध आवाज बुलन्द गर्दै, जनयुद्धको जटिलताका बिचमा दुःख, कष्ट र खतरासँग जुध्दै सत्य, तथ्य र जनपक्षीय पत्रकारिताको नयाँ आन्दोलन सृष्टि गर्न तत्कालीन सञ्चार-माध्यमले ठूलो भूमिका निभाएका थिए । पुरानो सत्तापक्षीय सञ्चारको नकारात्मक प्रचारलाई चिर्दै जनपक्षीय सञ्चारको सकारात्मक पहलको कूल योगफलका रूपमा जनयुद्धको विकास थियो । क्रान्तिकारी सूचना-सञ्चार क्षेत्रले जनयुद्धमा विजयका निम्ति जनसमुदायलाई उत्प्रेरित गर्ने विशिष्ट भूमिका खेलेको थियो ।

विश्वमा क्रान्तिकारी आन्दोलन सफल तुल्याउन पत्रकारिताको भूमिका अत्यधिक रहँदै आएको छ । भनिन्छ, आधा युद्ध सञ्चारको सहायताले जितिन्छ । क्रान्ति र प्रतिक्रान्ति दुवैका निम्ति जनमत निर्माणको ठूलो महत्व हुन्छ । सञ्चारक्षेत्रले जनमत निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । यसले जनतामा मनोबल, आत्मबल, आत्मविश्वास र क्रान्तिप्रतिको विश्वस्ततालाई सवल र सहज बनाउँछ । नेपालका सबै किसिमका आन्दोलनहरूको उठान, विकास र विस्तारमा पत्रकारहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको सञ्चार क्षेत्रमा रहेको दलाल र विदेशी एकाधिकार पुँजीपतिहरूको बर्चस्वलाई भत्काउँदै त्यहाँभित्रका देशभक्त र प्रगतिशील शक्तिसँग एकता कायम गरेर क्रान्तिकारी आन्दोलनलाई अग्रगति दिन क्रान्तिकारी मिडियाकर्मीहरूले विशेष भूमिका निर्वाह गर्नुपर्दछ । प्रतिक्रियावादीहरूका विभिन्नखाले अत्याचारहरूको भण्डाफोर गर्दै क्रान्तिको ज्वारभाटा सिर्जना गर्न र नयाँ संस्कृतिलाई जीवनवादी बनाउन पनि क्रान्तिकारी पत्रकारहरूको विशेष भूमिका रहने कुरा स्वतःसिद्ध छ । जनयुद्धका नायकहरूमा आएको भयानक विचलन र जनताका महान् सपना कुनै पनि हालतमा पूरा गर्नुपर्ने यतिबेला संवेदनशील र निर्णायक चरण पनि हो । यतिबेला विचारधात्मक उचाइका साथ आन्दोलनलाई नयाँ ठाउँमा पुऱ्याउन क्रान्तिकारी मिडियाकर्मीहरूले निकै ठूलो मिहिनेत गर्नुपर्नेछ । वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न क्रान्तिकारी मिडियाकर्मीको विशाल पङ्क्ति आजको आवश्यकता हो ।

नेपाल पत्रकार महासङ्घको निर्वाचनमा भाग लिँदै गर्दा पत्रकारहरूले धेरै कुरामा सोच विचार गर्न आवश्यक छ । सूचनाको निर्बाध प्रवाहबिना स्वाधीनता बाँच्न सक्दैन । स्वाधीनता, सामाजिक उत्तरदायित्व, नैतिक आचारण अन्योन्याश्रित विषय हुन् । जनताद्वारा निर्मित र नियन्त्रित सूचना तथा सञ्चार समृद्धिको आधार बन्दछ । आज ठुला लगानीका सञ्चारक्षेत्रमा व्यापारीकरण र भ्रष्टीकरण व्याप्त छ । यहाँ अवैधानिक, अनैतिक र अपारदर्शी रूपमा बाह्य लगानी भित्रिरहेको छ । यहाँ सम्पादकीय स्वतन्त्रता खोसिएको छ । यहाँ विदेशमा गएर मिडिया चलाइएको छ । वेपर्वाह अन्तर्राष्ट्रिय पुँजीको प्रवाह र दलालहरूका कारण आज नेपाली जनपक्षीय मिडिया प्रताडित छन् । यो क्षेत्र नवऔपनिवेशिकता र बहुराष्ट्रिय कम्पनीको हालीमुहाली छ । नेपालमा भारतीय दूतावासले विज्ञापनको वितरणको तजबिज गर्दछ । बहुराष्ट्रिय कम्पनीको विज्ञापनमार्फत् दूतावासले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्दै आएको छ । यसकारण जनपक्षीय मिडियाको आन्तरिक सवलीकरणको आवश्यकता एउटा पाटो छ भने अर्कोतिर देशलाई बाह्य हस्तक्षेपबाट मुक्त पार्ने दायित्व पनि छँदै छ । यसकारण हामीले जनपक्षीय पत्रकारिताको आन्तरिक सवलीकरणमा योगदान दिन सक्ने नेतृत्व चुन्नुपर्दछ ।

समकालीन नेपाली राजनीति गम्भीर संकटबाट गुज्रिरहेको छ । समयले नयाँ विश्व व्यवस्थाको माग गरिरहेको छ । नेपाली जनताले वैज्ञानिक समाजवादी व्यवस्थाको माग गरिरहेका छन् । नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिलाई घनीभूत पार्दै लगिरहेको छ । यस्तो बेला भइरहेको नेपाल पत्रकार महासङ्घको निर्वाचन विशेष बन्न पुगेको छ । यस्तो विशेष परिस्थितिमा भइरहेको निर्वाचनमा हामीले विशेष र परिपक्व भूमिका निर्वाह गर्न आवश्यक छ । मिडियाकर्मीले उज्यालोतिरको यात्रा तय गर्नुपर्दछ । गौरवशाली इतिहासले महान् सम्भावनातर्फ लम्कन प्रेरित गर्दछ । पत्रकार मित्रहरू, पत्रकार महासङ्घ श्रमजीवीहरूको संस्था भएकाले त्यसमा श्रमजीवीहरूकै नेतृत्व स्थापित गर्न लागौँ । राष्ट्रको हितमा मिसन पत्रकारितालाई अघि बढाऔँ । पत्रकारिताको क्षेत्रमा पेसा र सुरक्षाको ग्यारेन्टी गर्न एवम् पत्रकारिता क्षेत्रको समग्र विकासमा राज्यलाई घचघच्याउन असल नेतृत्व छनौट गरौँ । विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई अक्षुण्ण राख्न कोही कसैसित पनि कठोर सङ्घर्ष गर्न तयार होऔँ । पत्रकार प्रतिरोधको प्रतीक हो; तावेदारी र लम्पसारवादी होइन । २५ चैत, २०७७

---

# पुँजीवादको सङ्कट र समाधान

*नेपालको संविधानभन्दामाथि साम्राज्यवादको शासन छ भन्दा फरक पर्दैन । त्यसैले हामीले भनेका छौं कि जबसम्म दलाल पुँजीवादी व्यवस्था चलिरहन्छ । यी अनगिन्ती हस्तक्षेपबाट देश र जनताले मुक्ति पाउने आधारहरु छैनन् ।*



लालबहादुर कुमाल

*“असम्भव भन्ने शब्द पट्मूर्खहरूको दस्तावेजमा मात्र हुन्छ, बहादुरहरूको होइन ।”*

*– नेपोलियन बोनापार्ट*

हामी नेपालीहरू भनेको बहादुरहरू हौँ । देशभक्त र क्रान्तिकारी हौँ । यतिखेर नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी २ वर्ष लामो कठिन प्रतिबन्ध खेपेर खुल्ला राजनीतिमा आएको छ । समय बलवान् छ । यसका विभिन्न आयामहरू हुने गर्दछन् । दलाल पुँजीवादी संसदीय व्यवस्था नमान्ने तर शान्तिपूर्ण राजनीतिद्वारा जनता प्रत्यक्ष जीवनमा प्रभाव पार्ने गास, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार र सूचना सञ्चारजस्ता समस्या आजका मितिसम्म ज्यूँकात्यूँ रहेका छन् । यसलाई शान्तिपूर्ण तरिकाले हल हुन्छ भने ठीक छ नि त ! भनेर वार्ता र संवादको माध्यमद्वारा वार्ताको टेबलमा बसेर हल गर्न खोजिएको छ ।

हामीलाई विश्वास छ कि यी जनताका आधार भुत समस्या यो राज्यले सम्बोधन गर्नेछ । अर्को शब्दमा हामीलाई शंका पनि छ किनकि परिवर्तनका हरप्रहरमा पुँजीवादी व्यवस्थाका मालिकहरूले विगत २००७ साल, २०४६ साल, २०५२ देखि ०६२/०६३ को जनआन्दोलनमाथि प्रहार गरेको छ, कुठाराघात गरेको छ, धोका दिएको छ । त्यसैले अगुल्टोले हानेको जनता बिजुलीबाट तर्केका छन् । नेपाली राजनीतिको प्रमुख समस्या भनेकै परनिर्भर राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था के हुने र नहुने ? भन्ने विषय न त नेपाली संसदीय राजनीतिज्ञको छ, न त नेपाली जनताको हातमा छ । बरू त्यसको उल्टो वैदेशिक मालिकहरूको हातमा त्यो अधिकार सुम्पेका छन् । विदेशीले जे चाह्यो त्यो नेपालमा लागु गर्न नेपालका दलाल राजनीतिज्ञले आफ्नो कर्तव्य सम्झन्छन् र संसदीय दलहरू वैदेशिक साम्राज्यवादका कठपुतली दलालको रूपमा देखिने अनुहार हुँदै आएका छन् । कसलाई सत्तामा ल्याउने र कसलाई फाल्ने ? भन्ने कुरा पनि विदेशी प्रभुकै हातमा हुने भएकोले उनीहरू इमानदार डिउटी निभाउँछन् ।

नेपालको संविधानभन्दामाथि साम्राज्यवादको शासन छ भन्दा फरक पर्दैन । त्यसले हामीले भनेका छौं कि जबसम्म दलाल पुँजीवादी व्यवस्था चलिरहन्छ । यी अनगिन्ती हस्तक्षेपबाट नेपाल देश, नेपाली जनता मुक्ति हुने आधारहरू छैनन् । यी व्यवस्थाका बेवकूफहरू जनताको आँखामा छारो हाल्न भ्रमको खेती गर्दै भन्छन् । उनीहरू जनता धनी भए देश त्यसै धनी बन्छ भन्ने तर्क अगाडि सार्छन् । जो एकदमै भ्रामक कुरा हो । यो व्यवस्थामा दलाली चाकडी गर्नु, लुट्नु र आफ्नो शक्ति संचय गर्नुबाहेक अर्को केही होइन । मुख्य कुरा त देश बलियो भए जनता धनी बन्छन् । यो सत्य कुरा हो ।

उदाहरणका लागि समाजवादोन्मुख राष्ट्र र पुँजीवादी राष्ट्रको परीक्षा कोभिड १९ ले लिएको छ, जसको परिणाम बारम्बार पुँजीवादीकै संचार मिडियाले नै गरिरहेका छन् । पुँजीवाद कति निर्मम हुन्छ भन्ने कुराको सावित कोरोनाले देखाइदिएको छ भने समाजवादोन्मुख राष्ट्रहरू कति अनुशासित छन् ? भन्ने कुरा प्रमाणित भएको छ । पुँजीवाद फेल र समाजवादोन्मुख समाज पास भएका छन् । त्यसैले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादमा हाम्रो देश नेपाललाई लैजाने एजेन्डा पेश गरेको छ, जसको कार्यान्वयनका लागि हाम्रो पार्टी जनताको माझ हुर्किरहेको छ र नेतृत्व गरिरहेको छ । पुँजीवादी रणनीति ‘फुटाऊ र राज गर, कमाऊ र मोज गर’ भन्ने भ्रम दिँदै ‘घेराउ गर, सखाप पार’ को रणनीतिमा छ हो भने हाम्रो पार्टीको रणनीति ‘नफुट, एकजुट होऔँ’ र ‘देशलाई बलियो बनाऔँ, छलछाम र षड्यन्त्र नगर’ भनिरहेको छ ।

अब तपाईं नै भन्नुस् कि माथि उल्लिखित भनाइले देश बलियो बनाउने वा जनता धनी बनाउनको नाममा यी दलालहरूलाई राजा महाराजा रोज्ने वा विदेशी दलालहरूलाई मोटाउने ? भन्ने कुरा यो परिस्थितिमा नेपाली जनताको हातमा समयले दिएको छ । त्यसैले आफ्नो भविष्यको फैसला आफैँ गर्ने बेला आएको छ । हामीले भाग्यको होइन, कर्मको फल खानुपर्छ ।

# राष्ट्रिय सम्मेलनको तयारीमा अखिल (क्रान्तिकारी)

काठमाडौं । आगामी जेठ १ देखि काठमाडौंमा हुने २२ औँ राष्ट्रिय सम्मेलनको तयारीस्वरूप अखिल (क्रान्तिकारी) ले देशव्यापी भेला-सम्मेलन गरिरहेको छ। क्रान्तिकारीका जिल्ला संगठन समितिहरूले भेला-सम्मेलन भित्तेलेखनलगायतका काम तीव्र रूपले अघि बढाएका छन् ।

### भक्तपुर

अखिल क्रान्तिकारीले भक्तपुरको १७ औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले ललितजङ बमको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। 'वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिका लागि सम्पूर्ण विद्यार्थीहरूलाई एकीकृत जनक्रान्तिमा आह्वान, समग्र शैक्षिक क्षेत्रमा देखिएको माफियाकरण, निजीकरण र दलालीकरणका विरुद्ध १७ औँ जिल्ला सम्मेलन' भन्ने नारासहित सम्मेलन सम्पन्न भएको हो। सम्मेलनले समितिको उपाध्यक्षमा अशोक महतारा, सचिवमा घनश्याम खड्का, सहसचिवमा हिम्मत परियार र कोषाध्यक्षमा भगवती ओलीलाई सर्वसम्मत रूपमा निर्वाचित गरेको छ । सम्मेलनले जिल्ला संयोजक ललितजङ बमले प्रस्ताव गरेको राजनीतिक प्रतिवेदनसमेत सर्वसम्मतले पारित गरेको छ।

कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका संगठनका केन्द्रीय महासचिव प्रकाश शाहीले शैक्षिक माफियाका विरुद्धमा अखिल क्रान्तिकारीले ठूलो संघर्ष गर्नुपर्ने अवस्था आएको बताए । उनले राज्यले दुई दर्जाको नागरिक उत्पादन गरेको भन्दै यसको अन्त्यका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहन विद्यार्थीहरूलाई अपिल गरे । सम्मेलनमा नेकपाका भक्तपुर इन्चार्ज विजय, सेक्रेटरी सुजन, अखिल क्रान्तिकारीका कोषाध्यक्ष नरेन्द विक, केन्द्रीय सचिवालय सदस्य पुष्पराज न्यौपानेलगायतको उपस्थिति रहेको थियो । सम्मेलनमा पाँचसय बढी क्रान्तिकारी विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

### कपिलवस्तु

अखिल (क्रान्तिकारी) शिवराज नगर समितिको तेस्रो सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले सुशील रोकाको अध्यक्षतमा १७ सदस्यीय नगर समिति चयन गरेको छ । सम्मेलनलाई सम्बोधन गर्दै सङ्गठनका जिल्ला अध्यक्ष विज्ञान क्षेत्रीले हरेक किसिमको शैक्षिक उत्पीडनबाट मुक्त रहन आन्दोलन गर्नुको विकल्प नरहेको बताए । नेकपा शिवगढी सेक्रेटरी पावेलले एकीकृत जनक्रान्तिको यात्रामा विद्यार्थी लामबद्ध भएर अघि बढ्नुपर्ने बेला आएको र विद्यार्थीले आवश्यक परे बलिदान दिनसमेत तयार हुनुपर्ने बताए । युवा सङ्गठन नेपालका अध्यक्ष बादलले दलाल पुँजीवादी व्यवस्थालाई खरानी पार्न युवा विद्यार्थीहरू तयार रहनुपर्ने बताए।

### रूपन्देही

अखिल (क्रान्तिकारी) रूपन्देहीले संगठन विस्तार अभियानलाई निरन्तरता दिएको छ । संगठन विस्तार गर्नेक्रममा बुधबार बुटवलस्थित जेन टेक्निकल कलेजमा महेन्द्र घर्तीको अध्यक्षतामा ९ सदस्यीय एकाइ समिति निर्माण गरेको छ । अखिल (क्रान्तिकारी), रूपन्देही जिल्लाको २४ औँ जिल्ला सम्मेलन यही चैत २९ गते हुने बताइएको छ। यस्तै, क्रान्तिकारीले भित्तेलेखन कार्यलाई निरन्तरता दिएको छ । बुधबार संगठनका कार्यवाहक जिल्ला अध्यक्ष इन्दु वलीको नेतृत्वमा संगठनको २२ औँ राष्ट्रिय सम्मेलन तथा रूपन्देही जिल्लाको २४ औँ जिल्ला सम्मेलनको तयारीस्वरूप विभिन्न सार्वजनिकस्थल र सहरका चोकका भित्तामा विभिन्न नारा लेखिएको वलीले बताए।

### उदयपुर

अखिल (क्रान्तिकारी), उदयपुरले निजी तथा सामुदायिक विद्यालयले लकडाउनको समयको समेत शुल्क असुली गर्ने कार्य तुरुन्त बन्द गरी असुली गरिएको शुल्क फिर्ता गर्न र विभिन्न बहानामा गैरकानुनी ढंगबाट विद्यालयले असुल गर्ने शुल्कसमेत बन्द गर्न जोडदार माग गरेको छ । अखिल (क्रान्तिकारी), उदयपुरका अध्यक्ष देहज क्षेत्रीले एक विज्ञप्ति जारी गरी यस्तो माग गरेका हुन्।

### चितवन र मकवानपुर

अखिल (क्रान्तिकारी), मकवानपुर र चितवन आउँदो जेठमा हुने सङ्गठनको राष्ट्रिय सम्मेलनलाई लक्षित गरेर साङ्गठनिक गतिविधिमा जुटेका छन् । अखिल (क्रान्तिकारी) का नारायणी ब्युरो संयोजक प्रकाश जप्रेल, मकवानपुरका अध्यक्ष विवेक घलान र चितवनका संयोजक रेम्बोजेको नेतृत्वमा सम्मेलनको तयारी व्यापक रूपमा भैरहेको क्रान्तिकारीले जनाएको छ । सम्मेलनको तयारीको लागि मकवानपुर र चितवन जिल्लाका विद्यार्थी नेता कार्यकर्ताहरूलाई व्यापकरूपमा परिचालन गरिएको विभिन्न कार्यक्रम भइरहेको क्रान्तिकारीले जनाएको छ । अखिल (क्रान्तिकारी) ले मकवानपुरको सदरमुकाम हेटौंडा उपमहानगरपालिकाभित्र संङ्गठन निर्माण र भित्तेलेखन गरिरहेको छ।

उता चितवनमा पनि अखिल (क्रान्तिकारी) ले जिल्ला सम्मेलन तथा राष्ट्रिय सम्मेलनकै तयारीको क्रममा जिल्लाका विभिन्न विद्यालय क्षेत्रहरूमा सङ्गठन विस्तारका साथै भित्तेलेखन कार्यमा तीव्रता दिइरहेको छ । केन्द्रले तोकेको समयभित्रै तयारीको सबै काम सक्ने प्रयत्नका साथ अखिल (क्रान्तिकारी) चितवन जुटिरहेको छ। त्यस्तैगरी, दुबै जिल्लामा क्रान्तिकारीले नगरभित्रका क्याम्पसहरूमा क्याम्पस भेला पनि गरिरहेको छ । सङ्गठनले तय गरेको कार्यदिशा विद्यार्थीहरूका माग, मुद्दा र एजेन्डाहरूको बारेमा आम विद्यार्थी तथा जनतालाई बुझाउने कार्यमा विद्यार्थी सङ्गठन लागेको त्यहाँबाट हाम्रा समाचारदाताले जनाएका छन्।

### कैलाली

अखिल (क्रान्तिकारी), कैलालीले शुल्क घटाउन माग गर्दै कैलाली बहुमुखी क्याम्पसमा ज्ञापनपत्र बुझाएको छ । क्रान्तिकारीले विद्यार्थीको ढाड सेक्ने गरी लिँदै आएको चर्को शुल्क घटाएर सबैको पहुँच पुग्ने गरी शुल्क निर्धारण गर्न मागसमेत गरेको छ । विगतमा सामुदायिक क्याम्पसका रूपमा स्रोत व्यवस्थापन गर्नुपर्ने कैलाली बहुमुखी क्याम्पस सुदूर पश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस भइसक्दा विद्यार्थीबाट लिइने शुल्कमा भिन्नता नदेखिएको भन्दै क्रान्तिकारीले शुल्क घटाउन माग गरेको हो।

शुक्रबार क्याम्पस प्रमुखलाई ज्ञापनपत्र बुझाउँदै अखिल (क्रान्तिकारी), कैलाली संयोजक सुवास किरण जोशीले कैलाली बहुमुखी क्याम्पस, गरिब जनताका छोराछोरी अध्ययन गर्ने क्याम्पस भएको बताउँदै तत्काल न्युनतम शुल्क तोक्न माग गरे । ज्ञापनपत्र बुझ्दै क्याम्पस प्रमुख डा. पद्मराज जोशीले अखिल क्रान्तिकारीको मागप्रति आफू सकारात्मक रहेको बताउँदै कार्यान्वयनको लागि पहल गर्ने बताए।

ज्ञापनपत्र बुझाउँदा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य बबरजङ्ग सिंह, कैलाली संयोजक किरण जोशीलगायतका नेता-कार्यकर्ता सहभागी भएका थिए।

### दाङ

अखिल (क्रान्तिकारी), पद्मोदय पब्लिक नमुना मावि मूल एकाइ समिति भरतपुर दाङको प्रथम सम्मेलन सम्पन्न भएको छ। अखिल (क्रान्तिकारी), पद्मोदय नमुना माविका पूर्व संयोजक सशांक सुवेदीको अध्यक्षतामा भएको सम्मेलनको प्रमुख अतिथि अखिल (क्रान्तिकारी), दाङ जिल्ला संयोजक अनिल केसीले रहेका थिए। कार्यक्रममा अखिल (क्रान्तिकारी), दाङ जिल्ला सचिव खुमन पौडेल, सहसचिव शरद खत्री, अखिल (क्रान्तिकारी), दाङ जिल्ला सदस्यहरू दिपक केसी, भरत परियार, चूडामणि दाहाल, हिमाल केसी, अखिल (क्रान्तिकारी) रझेना मावि एकाइ समिति संयोजक नवीन पौडेलको आतिथ्यता रहेको थियो।

सम्मेलनले खुम रिजालको अध्यक्षतामा ४९ सदस्यीय मूल एकाइ समिति निर्वाचित गरेको छ । नवनिर्वाचित अध्यक्ष रिजालका अनुसार छात्रा विभाग संयोजक बिमला नेपाली र सहसंयोजक पुष्पा योगी, स्वास्थ्य तथा सरसफाइ विभाग संयोजक विपना थापा, सहसंयोजक लक्ष्मी बस्नेत, सदस्य समीक्षा पाण्डे, (क्रान्तिकारी) विद्यार्थी स्वयंसेवक विभाग संयोजक दिपेश ऐरी, सहसंयोजक करण पुन, खेलकुद तथा अतिरिक्त विभाग संयोजक दामोदर घर्ती र सहसंयोजक महेश बुढा, सदस्य बिन्दु लम्साल, हिमाल डाँगी, अनुशासन विभाग संयोजक भूमि थापा र सहसंयोजक निलम चौधरी, विज्ञान संकाय संयोजक अमृत बुढाथोकी सहसंयोजक पुष्पा योगी, व्यवस्थापन संकाय संयोजक प्रशान्त बुढा, सहसंयोजक विपना थापा, सदस्य समीक्षा पाण्डे, शिक्षा संकाय संयोजक ललिता मगर र सहसंयोजक वर्षा बुढा निर्वाचित भएका छ्न।

### अर्घाखाँचीमा

अखिल (क्रान्तिकारी), अर्घाखाँचीले सङ्गठन विस्तार अभियानलाई निरन्तरता दिएको छ । यसैबिच आइतबार सन्धिखर्कको जनज्योति माविमा क्रान्तिकारीले एक कार्यक्रम गरेको छ। कार्यक्रममा क्रान्तिकारीका जिल्ला अध्यक्ष नवीन खड्काले अर्घाखाँचीका विद्यालयहरूबाट लिएको अतिरिक्त शुल्क, मार्कसिट, ड्रेसहरू इत्यादि अथवा विभिन्न बहानामा लिएको शुल्कको विरुद्धमा विभिन्न चरणबाट आन्दोलन गर्ने घोषणा गरे । साथै, उनले विद्यार्थी हकहितका लागि अखिल (क्रान्तिकारी) सदैव तयार रहेको बताए। विक्रम नेपालीको नेतृत्वमा ११ सदस्यीय एकाइ समिति गठन भएको छ।

### बैतडी

अखिल (क्रान्तिकारी), बैतडीले जिल्ला सम्मेलनको तयारी गरिरहेको छ। जिल्ला सम्मेलनको तयारीस्वरूप क्रान्तिकारीले पञ्चेश्वर गाउँपालिकाको उच्च माध्यमिक विद्यालय जवलपुरमा सुनिल चन्दको अध्यक्षतामा ४१ सदस्यीय एक समिति गठन गरेको छ । अखिल क्रान्तिकारीका बैतडी संयोजक सुरेन्द्र धानुकको नेतृत्वमा जिल्लाव्यापी रूपमा सङ्गठन विस्तार गरिरहेको नेकपा बैतडी इन्चार्ज सहदेवले जानकारी दिए। उक्त कार्यक्रमको सञ्चालन जिल्ला सचिव दिवाकरले गरेका थिए।

### कपिलवस्तु

अखिल (क्रान्तिकारी), कपिलवस्तुले 'वैज्ञानिक समाजवादी शिक्षा र सुदृढ संगठनका लागि २१ औँ जिल्ला सम्मेलन!' भन्ने नारासहित २१ औँ जिल्ला सम्मेलन सम्पन्न गरेको छ। आइतबार कपिलवस्तुको चार नम्बरमा भएको सम्मेलनले विष्णु राउतको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । जिल्ला उपाध्यक्षमा संगीता विक, सचिवमा विनोद गिरी, सहसचिवमा करिश्मा भट्टराई र कोषाध्यक्षमा सुशील रोका निर्वाचित भएका छन्।

सम्मेलनमा प्रमुख अतिथि संगठनका केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकालले देशमा निजी शिक्षाको अन्त्य गरी वैज्ञानिक समाजवादी शिक्षाको स्थापना गनुपर्ने बताए । उनले शिक्षामा देखिएका तमाम समस्याको एक मात्र विकल्प वैज्ञानिक समाजवादी व्यवस्था रहेको भन्दै सम्पूर्ण विद्यार्थीलाई संगठनमा संगठित भई कडा संघर्ष गर्न अपिलसमेत गरेका थिए । यसैगरी, नेपाल कम्युनिस्ट पार्टीका लुम्बिनी ब्युरो सदस्य तथा पाल्पा जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह 'प्रविण' ले वर्तमान संसदीय व्यवस्थाले देशमा कुनै पनि निकास दिन नसक्ने बताए। उनले पछिल्लो समय देशमा देखिएको सम्पूर्ण राजनीतिक अस्थिरताको मूलजरो संसदीय व्यवस्था नै रहेको बताए। 'प्रविण' ले नेकपाले वैज्ञानिक समाजवादको एजेन्डालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धतासहित सम्पूर्ण जनसमुदायलाई एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध हुन आह्वानसमेत गरे। त्यस्तै, अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र विकले शैक्षिक सम्मेलनबाट पुनर्निर्वाचित अध्यक्ष राउतले संगठनलाई नयाँ कार्ययोजनाका साथ अघि बढाउने प्रतिबद्धता गरेका थिए।

सम्मेलनमा युवा संगठन नेपाल कपिलवस्तुका अध्यक्ष 'बादल', अखिल (क्रान्तिकारी) रूपन्देही जिल्ला इन्चार्ज रूपा बुढा मगरलगायत नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । विनोद गिरीको सञ्चालनमा रहेको कार्यक्रमको अध्यक्षता विष्णु राउत, स्वागत मन्तव्य संगिता विक र शुभकामना तथा बधाई मन्तव्य बादलले राखेका थिए। कार्यक्रममा उत्साहजनक हजारौँको सङ्ख्यामा विद्यार्थीको सहभागिता रहेको बताइएको छ।

### गुल्मी

नेपाल कम्युनिस्ट पार्टीको भातृ संगठन अखिल (क्रान्तिकारी), गुल्मीले संगठन विस्तारलाई तीव्रता दिएको छ । रेसुङ्गा बहुमुखी क्याम्पसमा सुमन विकको अध्यक्षतामा ११ सदस्यीय र ओमबहादुर थापाको अध्यक्षतामा ११ सदस्यीय कक्षा समिति गठन गरेको छ। यस्तै, महेन्द्र मावि कक्षा ११ मा अशोक थापाको अध्यक्षतामा ११ सदस्यीय र कक्षा १२ मा बिमल गौतमको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको छ।



## चैत्र २४ र अबको ....

नयाँ संसदवादीहरू सतरञ्जका गोटी बनिराखेका छन् । यी तथ्यहरूबाट नेपालको राजनीति जुन परिस्थितिबाट गुज्रिरहेको छ, त्यसले आगामी दिनहरू देश र जनताका लागि अप्रिय मात्र नभएर अस्तित्व डगमगाउनुपर्ने दृश्यहरूको पटाक्षेप हुँदै छ भन्न अप्ठ्यारो मान्नुपर्दैन । यो अवस्थामा २४ गतेको स्मरण गर्दैगर्दा नेपाली जनता र देशको पक्षमा गठन भएका पार्टी र नेताहरूले अर्को चैत २४ गतेको तयारी गर्नुपर्दछ भन्ने शिक्षा लिनुपर्दछ । किनभने चैत २४ गतेहरू विगतमा धेरै पटक फरक फरक परिवेश र परिस्थितिमा आएका छन् र नेपाली समाज रूपान्तरण नयाँ नयाँ भूमिका निभाएका छन्।

२०३६ सालको चैत २४ गतेले पञ्चायती व्यवस्थालाई ठूलो चुनौती दिएको थियो, जसका कारण राजा महाराजाहरू 'सुधारिएको पञ्चायती व्यवस्था कि बहुदल' को पक्षमा जनमत संग्रह घोषणा गर्न बाध्य भएका थिए । तर, पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनको नेतृत्व गरेका भनेका आफूलाई खाँटी प्रजातन्त्रवादी भनाउने नेपाली काँग्रेस र त्यसका मुख्य नेता वीपी कोइरालाले पञ्चायती संरचना अन्तर्गत नै भएको जनमत संग्रहलाई स्वीकारेका कारण परिणाम पञ्चायतकै पक्षमा गएको थियो। यो परिघटनालाई अहिलेको सन्दर्भमा झनै शिक्षाको रूपमा लिन जरुरी छ। ठीक त्यसैगरी, २०४६ सालको चैत २४ गतेले पञ्चायतलाई कहिल्यै नबौरिने गरी इतिहासको पानामा सीमित गरिएको थियो। तत्कालीन काँग्रेस–वाम मोर्चाको आन्दोलन गोचक्करमा फसेपछि क्रान्तिकारी कम्युनिस्टहरूको सहभागितामा बनेको संयुक्त राष्ट्रिय जनआन्दोलनले चैत २४ गतेका दिन नेपाल बन्द घोषणा गर्दा उपत्यकाका भक्तपुर र ललितपुरका जनताले घरेलु हतियार बोकेर राजधानीका सडकहरू भरिदिएका थिए, त्यसले मात्र कर्फ्यु तोडेको थियो । सेना र पुलिसको घेरामा सुरक्षित रहेका शासकहरूले आन्दोलन तुहाउन काङ–वाम मोर्चालाई रातारात बोलाएर ' पार्टीहरूमाथिको प्रतिबन्ध' हटाएर २ सयदेखिको शाही शासन बचाएका थिए। त्यसैले भन्न सकिन्छ, एकदलीय पञ्चायती व्यवस्थाको काल चैत २४ बनेको थियो।

२४ गतेको सन्दर्भ उल्लेख गर्दा घटनाक्रमलाई पनि पछ्याउनुपर्दछ। २०४६ मा संसदीय व्यवस्थाको पुनर्स्थापना भएपछिको पहिलो चुनावमा नेपाली काँग्रेसले अत्यधिक बहुमत ल्याएको थियो । त्यसपछि बनेको सरकारको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए । भुइँ न भाँडामा भएको गिरिजा सरकारले नेपाली जनतामाथि दमन गऱ्यो। सयौँ सरकारी कर्मचारीलाई आस्थाको आधारमा निष्काशन गऱ्यो। टकनपुर सम्झौताको खाता तयार पाऱ्यो । महँगी बढायो, रोड पर्मिट खोलिदिएर भारतीयहरूलाई हुल्यो र नेपाली कामदारलाई विस्थापन गऱ्यो। लाउडाजस्ता भ्रष्टाचारका काण्ड घटायो । यसरी राष्ट्रियता, जनतन्त्र र जनजीविका संकटपूर्ण बन्दै गएपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र) ले २०४८ साल चैत २४ गतेका दिन शान्तिपूर्ण रूपमा नेपाल बन्दको घोषणा गरेको थियो। उक्त बन्दका क्रममा गिरिजा सरकारले भीषण दमन गऱ्यो । उक्त दमनमा पुलिसले हानेको गोली लागि नाबालक अनिश शाक्यलगायतको हत्या भएको थियो। उक्त सरकारका गृहमन्त्री शेरबहादुर देउवाले गोलीको आँखा हुँदैन भन्दै पुँजीवादीहरू कतिको जनघाती हुन्छन् र कथित प्रजातन्त्रले शोषित पीडित वर्ग, जाति ,क्षेत्र, लिङ्ग र समुदायमाथि कसरी अधिनायकत्व थोपर्छ भन्ने उदाहरण पेश गरेका थिए । संसदीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पहिलोपटक नेपाली जनताले संसदीय पुँजीवादी व्यवस्थाका विरुद्ध विद्रोह बोलेको दिन हो त्यो । त्यस दिनदेखि नै गिरिजा सरकारको दिनगन्ती सुरु भएको थियो भने, कुनै पनि जलप लगाएको वा नामको संसदीय व्यवस्थाले जनता र राष्ट्रको हित गर्न सक्दैन भन्ने पुष्टि गरिदिएको थियो। यसैक्रममा २०५१ साल साउनमा गिरिजाले आफ्नो पार्टीको बहुमतको सरकार विघटन गरी मध्यावधि चुनावको घोषणा गरेका थिए।

त्यो समयदेखि २०५९ साल जेठ ८ गते जुन दिन (शेरबहादुर देउवाले बहुमतको सरकार रहँदा रहँदै पनि संसद् विघटन गरेका थिए) सम्मका १२ वर्षमा संसदीय पुँजीवादी व्यवस्था असफल मात्र होइन कि यो राष्ट्रघाती, जनघाती व्यवस्था हो भन्ने पुष्टि भएको थियो। यही अवधिमा नेपालका क्रान्तिकारीहरूले पुँजीवादी संसदीय व्यवस्थाको विरुद्ध सशस्त्र युद्धको तयारी र घोषणा पनि गरेका थिए। २०४८ साल चैत २४ गते शान्तिपूर्ण तरिकाले जनआन्दोलन गर्दा राज्यले बन्दुकको भाषा बोलेपछि बन्दुकका विरुद्ध बन्दुकले मात्र प्रतिवाद गर्छ भनी शिक्षा दिने चैत २४ गते हो।

एकातिर संसदीय पुँजीवादी व्यवस्थाप्रति जनताको वितृष्णा, अर्कोतिर योजनाबद्ध सुरु गरिएको जनयुद्धले सफलता प्राप्त गर्दै गएपछि जनवादी र सामन्तवादी व्यवस्थाहरू आमने सामने भैरहेका बेलामा संसदीय पार्टीहरूसँग भारतीय शासकहरूको योजना र निर्देशनमा राजतन्त्रविरुद्ध जानुपर्ने विकल्प मात्र रहन पुग्यो । फलस्वरूप २०६२ साल मंसिर ८ गते नयाँ दिल्लीमा संसदीय पार्टीहरू र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का बिचमा १२ बुँदे समझदारी भयो । सडकमा रगताम्मै चिल्लो तालु लिएर रत्नपार्कमा नारा लगाउँदा पनि गिरिजाहरूको जुलुसमा १२ बुँदेपछि जनताको सागर ओर्लिन थालेको थियो । त्यहीक्रममा तत्कालीन नेकपा (माओवादी) ले सहर र सडक जनमुक्ति सेनालाई कब्जा गर्ने निर्देशन २०६२ साल चैत २४ गतेका दिन गरेको थियो। त्यसपछि नेपालको राजनीतिक आन्दोलनमा विचित्रको दृश्य देखा पर्न थाले । दिनभरि नेपालका मुख्य सहर र सडकहरूमा लाखौँ जनताले कब्जा गर्न थाले । सरकारी कार्यालयमा राखिएका बोर्डहरूबाट श्री ५ को सरकार मेटाएर नेपाल सरकार लेख्न थाले । उनीहरूलाई सुरक्षा जनमुक्ति सेनाले दिन थाल्यो । साथै, सामन्ती राजतन्त्रका सुरक्षा निकायका अखडामाथिको जनमुक्ति सेनाको हमलालाई तीब्र पारिएको थियो । जीवनभर शान्तिपूर्ण आन्दोलनको माला जपेर जनतालाई लुट्न पल्किएका संसदवादीहरू सशस्त्र शक्तिमाथि निर्भर हुन पुगेका थिए। त्यसैले, २०६२ सालको चैत २४ गतेले अर्को उचाइको इतिहास रचेको थियो।

यसरी इतिहासलाई नियाल्ने हो भने प्रत्येक चैत २४ गतेले नयाँ इतिहास रचेको छ । उसले नेपाली जनता र राष्ट्रका पक्षमा विद्रोह बोलेको छ । नेपाली समाजलाई अग्रगमनतिर डोऱ्याएको छ। तर पनि अहिलेसम्मका सबै चैत २४ गतेहरू धोखाधडीमा परेका छन् । उनीहरूले जनताको पूर्ण मुक्तिको विगुल फुक्न सकेका छैनन्। हुन त यसको दोष २४ गतेलाई जाँदैन। दोष २४ गतेलाई सही विचार र योजना दिन नसक्ने, इतिहासको आवश्यकतालाई बोध नगर्ने, अन्तिम विजयका समयमा नेतृत्वले गर्नुपर्ने सम्भावित त्याग र बलिदानको कोटा चुकाउन हिम्मत नगर्नेहरूको हो । चैत २४ मनाइरहँदा मलाई लागेको कुरा के हो भने, अहिले नयाँ कलेबरमा संसदीय पुँजीवादले सास फेरिराखेको छ । व्यवहारतः यो मुर्छित अवस्थामा छ । नयाँ र पुराना संसदवादीहरूले यसलाई ज्युँदोजाग्दो देखिराखेका छन्। उनीहरूले कृत्रिम श्वास भरिराखेका छन् । तर चिकित्सा विज्ञानको भाषामा कोमामा छ, अर्थात मेडिकली डेथ छ। त्यसैले अहिलेका सच्चा क्रान्तिकारीहरूले यो यथार्थलाई गहिरो गरी मनन् गर्न जरुरी छ।

वैज्ञानिक हिक्स पिटरका अनुसार पदार्थको अस्तित्वमा जसरी ब्रह्माण्डमा हुने कुनै पनि साना वा ठुला घटनाले भीमकायदेखि सूक्ष्म वस्तुसम्मलाई प्रभाव पार्दछ, ठीक त्यसैगरी नेपाल वा विश्वमा घटेका कुनै पनि राजनीतिक, सामाजिक परिघटनाले राजनीतिक जीवलाई प्रभाव पार्दछ। यहाँ उल्लेख गर्न खोजिएको कुरा के मात्र हो भने दिन प्रतिदिन घटिरहेका घटनाले नेपालको राजनीतिलाई जटिल बनाइराखेको छ। आफूलाई समाजवादी भन्नेहरूले जनतामा भ्रमहरू छरेका छन् । लोकतान्त्रिक समाजवादी, जबज समाजवादी, एक्काइसौँको जनवादको विकास गरेका समाजवादी, सामन्तवादी समाजवादीहरूले यही व्यवस्था ठीक छ मान्छे मात्र राम्रो भए हुन्छ भन्ने कूतर्क गरिराखेका छन्। केपी ओलीका पछिल्ला कदमलाई लिएर उनीहरूले ' लोकतन्त्र धराप' मा परेको भनेका छन्। उनीहरू केपी ओलीको कदमबाट भन्दा पनि क्रान्तिकारी एकताबद्ध भएर वैज्ञानिक समाजवादका लागि आन्दोलन गर्छन कि भन्नेमा सचेत छन्। त्यसैले, सबैखाले पुँजीवादीहरूले अहिले एउटै स्वरले चिच्याएका छन्।

चैत २४ को सन्देश भनेको नेपालका सबै क्रान्तिकारीहरूएक भएर मार्क्स–एंगेल्सले कम्युनिस्ट घोषणापत्रको अन्तिम हरफमा, "कम्युनिस्टहरू आफ्ना दृष्टिकोण र उद्देश्यहरूलाई लुकाउनु घृणास्पद कार्य ठान्दछन्। उनीहरू खुल्लमखुल्ला के घोषणा गर्दछन् भने सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक भताभुङ्ग गरेर मात्र उनीहरूको उद्देश्य पूर्ति हुन सक्दछ । साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होऊन्। सर्वहारा वर्गले यसमा आफ्ना हतकडीसिवाय अरू केही गुमाउनुपर्दैन। बरु समस्त संसार नै उनीहरूले प्राप्त गर्न सक्दछन्", लेखिएजस्तै स्पष्ट, दृढ र भरोसायुक्त हुनुपर्दछ। नेपाली समाजले अर्को तर नयाँ उचाइको चैत २४ को प्रतीक्षा गरिराखेको छ।

# राष्ट्रिय सम्मेलनको तयारीमा युवा सङ्गठन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीको युवा सङ्गठन नेपाल राष्ट्रिय सम्मेलनको तयारी भव्यरूपले गरिरहेको जनाएको छ । राष्ट्रिय सम्मेलनको तयारीस्वरूप युवा संगठनले देशैभरि भेला सम्मेलन, संगठन, गठन, पुनर्गठन तीव्ररूपले गरिरहेको बताएको छ । जेठ १४, १५ र १६ गते हुन लागेको राष्ट्रिय सम्मेलनको तयारीस्वरूप देशैभरि भेला, सम्मेलन र भित्तेलेखन भैरहेको युवा सङ्गठन नेपालका केन्द्रीय संयोजक पाटन जंगलीले जानकारी दिएका छन् ।

### गोरखा

युवा संगठन, नेपाल गोरखाको सम्मेलन सम्पन्न गरेको छ । बारपाक सुलिकोट गाउँपालिका ५, ताकुकोटमा सम्पन्ने दोस्रो जिल्ला भेलाले डम्बर चेपाङको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ । भेलाले उपाध्यक्षमा सुरेन्द्र गुरुङ र सचिवमा सन्देश घिमिरेलाई चयन गरेको छ । भेलामा बोल्दै भेलाका प्रमुख अतिथि तथा नेकपा गोरखा जिल्ला इन्चार्ज कपिल भट्ट ‘प्रतीक’ ले युवाहरू परिवर्तनको संवाहक र देश विकासको धरोहर भएकाले कुनै पनि व्यक्ति र राजनीतिक दलको स्वार्थका लागि प्रयोग नहुन आग्रह गरे ।

भेलामा नेकपाका मनाङ जिल्ला इन्चार्ज योगेन्द्र कुमाल, नेकपा गोरखा जिल्ला सेक्रेटरी सरल, युवा संगठन नेपालका गण्डक ब्युरो संयोजक नेत्र, मजदुर संगठन गण्डक ब्युरो संयोज माया चेपाङ, दलित मुक्ति मोर्चाका गोरखा संयोजक चीनकाजी रसाइली, किसान संघका जिल्ला संयोजक विष्णुप्रसाद रिजाल, अनेम संघ (क्रान्तिकारी) की जिल्ला अध्यक्ष निता चेपाङ, अखिल (क्रान्तिकारी) का जिल्ला संयोजक असल अतिथि थिए । युवा सङ्गठन, नेपाल गोरखाका संयोजक डम्बर चेपाङले अध्यक्षता गर्नुभएको उक्त भेलाको सञ्चालन सन्देशले गरेका थिए ।

### कञ्चनपुर

राजन जैगडी । कञ्चनपुरमा युवा सङ्गठन नेपालको एक दिने राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । आइतबार सम्पन्न प्रशिक्षणमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुन प्रमुख अतिथि थिए । बदलिएको राजनीतिक परिस्थितिमा युवा सङ्गठनको भुमिकाको विषयमा प्रशिक्षण दिँदै प्रमुख अतिथि पुनले वैज्ञानिक समाजवाद स्थापनाको आन्दोलनमा युवाहरूको भूमिका महत्वपूर्ण रहने बताए । युवा सङ्गठनलाई व्यापकरूपमा विस्तार गर्न निर्देशन दिँदै नेता पुनले भ्रष्टाचार, कालोबजारी, महँगी, कृत्रिम अभावले जनजीवन कष्टकर बन्दै गएकोमा चिन्ता व्यक्त गरे । कार्यक्रममा समसामयिक वस्तुस्थितिको बारेमा युवाहरूलाई प्रशिक्षण दिइएको थियो ।

### स्याङ्जा

युवा सङ्गठन नेपालले राष्ट्रिय सम्मेलनको तयारीस्वरूप देशैभरि भेला सम्मेलन सँगसँगै भित्तेलेखन गरिरहेको छ । यसैबिच, युवा सङ्गठन, स्याङ्जाले चापाकोट नगरपालिकाको विभिन्न क्षेत्रमा ‘दलाल संसदीय व्यवस्था खारेज गरौं ! वैज्ञानिक समाजवादी व्यवस्था लागू गरौं !!’ जस्ता नारासहित भित्तेलेखन गरेको हो ।

### मकवानपुर

युवा संगठन नेपाल मकवानपुरको जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । सम्मेलनबाट किरण अर्यालको अध्यक्षतामा, उपाध्यक्ष श्रीलाल बल, सचिव सुनिल सिन्तान, सहसचिव दिलमाया गोले, कोषाध्यक्षसहित २५ सदस्यीय जिल्ला समिति गठन गरिएको छ । सम्मेलनमा मकवानपुरका जिल्ला इन्चार्ज राम घलान ‘बाटर’ को प्रमुख आतिथ्यतामा नारायणी ब्युरो सदस्य एवम् जबसका फ्याक्सान इन्चार्ज विकास विशेष अतिथि रहेका थिए । साथै, ब्युरो सदस्य पालगुङ, जिल्ला सेक्रेटरी सूर्य अर्याल, युवा संगठन नेपालका नारायणी ब्युरो संयोजक वीरेन्द्र, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य एवम् ब्युरो संयोजक प्रकाश, अखिल (क्रान्तिकारी) का मकवानपुर अध्यक्ष विवेक घलान ‘अनिल’ लगायत पार्टी जिल्ला सदस्यहरूको आतिथ्यता रहेको थियो भने कार्यक्रम सञ्चालन ललित घलानले गरेका थिए ।

### कैलाली

युवा सङ्गठन नेपाल, कैलाली लम्की चुहाको नगर सम्मेलन आयोजक समिति गठन गरिएको छ । सागरको नेतृत्वमा १२ सदस्यीय समिति गठन गरिएको युवा संगठन नेपाल कैलालीले जनाएको छ । शुक्रबार एक कार्यक्रमका बिच उक्त समिति गठन गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि सेती–महाकाली ब्युरो सदस्य तथा पार्टी स्कुलिङ विभाग प्रमुख शिखर देउवा, पुष्प भट्ट, लम्की चुहा नगर इन्चार्ज हृदय बोगटी उपस्थित थियो ।

### नवलपुर

नेपाल कम्युनिस्ट पार्टीनिकट युवा सङ्गठन नेपाल नवलपुरको दोस्रो जिल्ला सम्मेलन हुने भएको छ । सङ्गठनको बिहीबार बसेको चौथो विस्तारित बैठकले आउँदो वैशाख १६ गते दोस्रो जिल्ला सम्मेलन गर्ने निर्णय गरेको हो । बैठकले अविनासको संयोजकत्वमा १५ सदस्यीय दोस्रो जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ । ‘दलाल पुँजीवादी संसदीय व्यवस्थाविरूद्ध सशक्त युवा आन्दोलन, वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिको लागि दोस्रो नवलपुर जिल्ला सम्मेलन !’ भन्ने सम्मेलनको मूल नारा तय गरिएको संगठनका अध्यक्ष अविनासले जानकारी दिए ।

### झापा

युवा सङ्गठन झापाले युवा जागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गरेको छ । झापाको दमकमा बुधबार पार्टीका जिल्ला सचिव श्रीजङ्ग तथा युवा सङ्गठनका मेची–कोशी ब्युरो इन्चार्ज सुवास राईको उपस्थिति रहेको कार्यक्रमको अध्यक्षता युवा सङ्गठन झापाका सचिव जितु तामाङले गरेका थिए । युवा सङ्गठनले झापाभरि रहेका युवालाई सङ्गठनमा ध्रुवीकरण हुन आह्वान गरेको छ ।

### रुकुम

नेकपानिकट युवा सङ्गठन नेपालले आउँदै गरेको राष्ट्रिय सम्मेलनको तयारी रुकुममा पनि भैरहेको छ । रूकुम पश्चिमले जिल्लामा आफ्ना गतिविधि बढाएको छ । यतिबेला युवा सङ्गठन नेपाल रुकुम पश्चिमका नेता कार्यकर्ताहरू जनश्रममा लागेको त्यहाँबाट गमानसिङ घर्तीले बताएका छन् । घर्तीका अनुसार यही वैशाख २४ गते पश्चिम रुकुमको चौथो जिल्ला सम्मेलन आठबिसकोट नगरपालिकाको राडी बजारमा गर्ने तय भएको छ । सम्मेलन हुने भनिएको स्थानमा झण्डा ब्यानरले सजिसजाउ पारिएको र भित्तेलेखन पनि गरिएको युवा सङ्गठनले जनाएको छ ।

### तनहुँ

तनहुँ । युवा सङ्गठन नेपाल गण्डक ब्युरोअन्तर्गत तनहुँको ब्यास नगरपालिकामा राजकुमारको नेतृत्वमा १७ सदस्यीय नगर समिति गठन गरिएको छ । नेकपा तनहुँका इन्चार्ज निशान, युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा गण्डक, धौलागिरि ब्युरो इन्चार्ज विजयकुमारको उपस्थिति रहेको एक कार्यक्रममा उक्त समिति गठन गरिएको हो । कार्यक्रममा युवा सङ्गठनका ब्युरो इन्चार्ज विजयकुमारले युवाहरूलाई प्रशिक्षित पार्दै दलाल पुँजीवादी संसदीय व्यवस्थाले युवाहरूलाई विदेश पलायन गराउने काम गरेको भन्दै मुलुकमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने बताए ।

### सिन्धुली

सिन्धुली । युवा सङ्गठन नेपाल, सिन्धुलीको प्रथम सम्मेलन सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल थिए । सम्मेलनले तेज लामाको अध्यक्षतामा १७ सदस्यीय समिति निर्वाचित गरेको छ । सम्मेलन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारका संयोजक सरल माझी, सिन्धुली जिल्ला इन्चार्ज गोपाल ब्लोन, मिथिला स्वायत्त, जनपरिषद् प्रमुख तथा जनकपुर ब्युरो सदस्य पवन महतो, युवा सङ्गठन नेपाल जनकपुर ब्युरो इन्चार्ज विचारमान थिङलगायतले बधाई तथा शुभकामना दिएका थिए । रवि गोलेको सञ्चालनमा भएको कार्यक्रमको अध्यक्षता तेज लामाले गरेका थिए । कार्यक्रममा सामना परिवारले जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

### बारा/पर्सा

बारा । युवा संगठन नेपाल बारा/पर्सा जिल्लाको प्रथम सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले निरजकुमार शाहको नेतृत्वमा १५ सदस्यीय कार्य समिति निर्वाचित गरेको छ, जसको उपाध्यक्षमा सन्दिप बस्नेत, सचिव सञ्जु लामा (महिला), सहसचिव सामेश्वर राम र कोषाध्यक्ष दिपु कुँवर र अन्य सदस्यहरू रहनेगरी युवा संगठन समिति निर्माण गरेको छ । निरज शाहको अध्यक्षतामा भएको सम्मेलनको प्रमुख अतिथि जिल्ला पार्टी बारा/पर्सा इन्चार्ज नयन थिए । यस्तै, जबसका नारायणी इन्चार्ज विकास, युवा संगठन नेपालका केन्द्रीय सदस्य एवम् नारायणी ब्युरो इन्चार्ज वीरेन्द्र, पार्टी जिल्ला सेक्रेटरी रक्तिम, तामाङ मुक्ति मोर्चाका ब्युरो संयोजक रामलाल दोङ, अनेमसंघ क्रान्तिकारीकी जिल्ला संयोजक लक्ष्मी तामाङ, जनक्रान्तिका महान् सहिद परिवार समाजका केन्द्रीय सदस्य इन्द्रप्रसाद अधिकारी, मधेसी मुक्ति मोर्चाका जिल्ला संयोजक किशोर महतो र पार्टी जिल्ला सदस्य शिवाको उपस्थिति रहेको थियो ।

### परासी

नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल, परासी जिल्लाको विस्तारित बैठक सम्पन्न भएको छ । सोमबार सम्पन्न बैठक नेपाल कम्युनिस्ट पार्टी पाल्पा सेक्रेटरी प्रभातको प्रमुख आतिथ्यता सम्पन्न भएको छ । बैठकले वैशाख १७ गते भूमहीमा जिल्ला भेला गर्ने निर्णयसहित अन्य महत्वपूर्ण निर्णय गरेको युवा संगठन नेपाल नवलपुरका दोस्रो जिल्ला सम्मेलन आयोजक समिति संयोजक अविनासले बताए ।

### ताप्लेजुङ

प्रवीण अधिकारी, ताप्लेजुङ । युवा संगठन नेपाल ताप्लेजुङको चौथो जिल्ला सम्मेलन रूपमा सम्पन्न भएको छ । सम्मेलनले विदुर शेर्पाको नेतृत्वमा १९ जनाको जिल्ला समिति निर्माण गरेको छ । आइतबार जिल्लाको सिदिङ्वा गाउँपालिकामा ‘एकीकृत जनक्रान्तिका लागि संगठन सुदृढ तथा विस्तार गरौं ! वैज्ञानिक समाजवाद स्थापनाका लागि चौथो जिल्ला सम्मेलन सफल पारौं !!’ भन्ने मूल नाराका साथ सम्मेलन सम्पन्न भएको हो । विदुर शेर्पाको अध्यक्षतामा भएको उक्त सम्मेलनमा प्रमुख अतिथि संगठनका निवर्तमान उपाध्यक्ष एवम् चौथो राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य दिनेश रहेका थिए । नेकपाका ताप्लेजुङ जिल्ला इन्चार्ज असल, युवा संगठन नेपाल मेची–कोशी ब्युरो इन्चार्ज सुवास राई, जिल्ला समिति सदस्य सक्कललगायतको उपस्थिति थियो ।



# नेकपा ताप्लेजुङको अगुवा कार्यकर्ता प्रशिक्षण

**प्रवीण अधिकारी, फुङलिङ ।** नेपाल कम्युनिस्ट पार्टी ताप्लेजुङले अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । बुधबार ताप्लेजुङको फुङलिङ नगरपालिकामा सम्पन्न प्रशिक्षणमा प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा मेची–कोशी ब्युरो इन्चार्ज प्रकाशले एकीकृत जनक्रान्तिको कार्यदिशाअनुसार मुलुकमा नयाँ राजनीतिक परिस्थिति सिर्जना भएको बताए । प्रकाशले एकीकृत जनक्रान्तिको कार्यदिशाले मात्रै वैज्ञानिक समाजवाद स्थापना गर्ने धारणा व्यक्त गरे । कार्यक्रमको अध्यक्षता पार्टीका जिल्ला इन्चार्ज असलले गरेका थिए ।

# क्रान्तिकारी यातायात मजदुर संघको केन्द्रीय अध्यक्षमा सेन्चुरी

**बुटवल ।** अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको सातौं राष्ट्रिय सम्मेलन बुटवलमा सम्पन्न भएको छ । सम्मेलनले श्याम सेन्चुरीको अध्यक्षतामा १९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ, जसको उपाध्यक्षमा लालबहादुर तामाङ, महासचिवमा दीपेन्द्र घिमिरे र सचिवमा सहदेव सिंह र सदस्यमा दिनेशकुमार थारु, युवराज न्यौपाने, जीवन खनाललगायत रहेका छन् । शुक्रबार सम्पन्न सम्मेलनलाई सम्बोधन गर्दै नेकपा लुम्बिनी ब्युरो सदस्य एवम् नवलपुर इन्चार्ज शरद ओलीले दलाल पुँजीपति वर्ग र नेपाली श्रमिक वर्गबिच नै मुख्य अन्तरविरोध रहेको भन्दै मजदुर वर्गको मुक्ति वैज्ञानिक समाजवादमार्फत् हुने बताए ।

सम्मेलनमा नवनिर्वाचित अध्यक्ष श्याम सेन्चुरीले एकीकृत जनक्रान्तिको नेतृत्व मजदुर वर्गले गर्नुपर्ने बताउँदै त्यसका लागि सङ्गठनमा आवद्ध हुनुपर्ने बताए । जनक्रान्तिका महान सहिद तथा बेपत्ता योद्धा सङ्गठन नेपालका केन्द्रीय सचिव जया पौडेल र अखिल नेपाल जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य एवम् लुम्बिनी ब्युरो संयोजक खोमा तरामु मगरले शुभकामना मन्तव्य व्यक्त गर्दै विश्व समाजवादी आन्दोलनको इतिहासमा श्रमिक वर्गको नेतृत्व रहेको भन्दै यसलाई मजदुर आन्दोलनमा देखिएको अर्थवादविरूद्ध संघर्ष गर्नुपर्ने बताए । सम्मेलनमा देशभरबाट प्रतिनिधि तथा पर्यवेक्षकहरूको सहभागिता रहेको थियो ।

# जनपत्रकार संगठन, डडेलधुराको संयोजकमा मनोज

**डडेलधुरा ।** जनपत्रकार संगठन नेपाल, डडेलधुराको प्रथम बैठकले मनोज रावतको संयोजकत्वमा ७ सदस्यीय आयोजक समिति गठन गरेको छ । बैठकलाई सम्बोधन गर्दै नेकपा डडेलधुरा इन्चार्ज दौलत बिष्टले डडेलधुरामा भइरहेको भ्रष्टाचार, बेथिति र विसङ्गतिको उजागर गर्दै जनताको पक्षमा कलम चलाउन पत्रकारहरूलाई आग्रह गरे । साथै, उनले आफ्नो पार्टीको एजेन्डा वैज्ञानिक समाजवाद अब राष्ट्रिय एजेन्डा भइसकेको र उक्त एजेन्डामाथि सम्पूर्ण बुद्धिजीवी, राजनीतिक दल, नागरिक समाजसँगै सुरक्षाकर्मीसँग बृहत् छलफल र बहस गर्ने बताए ।

बुधबार सम्पन्न बैठकमा जनपत्रकार संगठन नेपालका सेती–महाकाली ब्युरो संयोजक प्रकाश थापाले जनपक्षीय पत्रकारिताका लागि कसैसँग कुनै पनि प्रकारको सम्झौता नगर्नसमेत आग्रह गरे । जनपत्रकार संगठनले विभिन्नखालका अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने, जनपक्षीय पत्रकारिता र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा छलफल र बहस गर्ने निर्णय गरेको छ ।

# गोरखामा जनजागरण तथा संगठन सुदृढीकरण अभियान तीव्र

**गोरखा ।** नेपाल कम्युनिस्ट पार्टी, गण्डक ब्युरोअन्तर्गत गोरखा जिल्लामा जारी जनजागरण तथा संगठन सुदृढीकरण अभियानमा नेकपाले भित्तेलेखन तथा श्रमदान गर्ने कार्यलाई तीव्रता दिएको छ । चैत ५ गतेदेखि सुरु भएको १ महिने जनजागरण तथा संगठन सुदृढीकरण अभियानकै क्रममा केही दिनआगाडि गोरखा नगरपालिकाको बाह्रकिलोमा श्रमदान बिहीबार गोरखा नगरपालिकाकै दशकिलोमा श्रमदान गरेको हो ।

उक्त श्रमदानमा नेकपा गोरखाका जिल्ला इन्चार्ज, जिल्ला सेक्रेटरीसहित विभिन्न जनवर्गीय संगठनका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । साथै, सोहीक्रममा नेकपा गोरखाले दशकिलो र बाह्रकिलोमा भित्तेलेखनसमेत गरेको छ । फागुन २१ गते सरकार र नेकपाबिच वार्ता भई २ वर्षदेखि लगाएको प्रतिबन्ध फुकुवा भएसँगै देशव्यापी जनजागरण अभियान सञ्चालन गरेको नेकपाले गण्डक ब्युरोअन्तर्गत गोरखा जिल्लाका विभिन्न जनवर्गीय संगठनहरू महिला संघ, किसान महासंघ, शिक्षक संगठनको भेला तथा बैठकहरू सम्पन्न गरेको छ ।

# कन्चनपुरको शुक्लाफाँटामा जनसभा

**गणेश एसके, महेन्द्रनगर ।** नेपाल कम्युनिस्ट पार्टीले कञ्चनपुरको शुनपा ८, पिल्लरीमा भव्यताका साथ जनजागरण अभियान सञ्चालन गरिरहेको बताएको छ । यही चैत ९ गतेबाट सुरु गरेको उक्त अभियान जिल्लाका विभिन्न ठाउँमा जनसभामार्फत् जनतालाई जनजागृत गर्ने कार्य भइरहेको कञ्चनपुर जिल्ला इन्चार्ज रमेश नेपाली ‘जीवन’ ले बताएका छन् । उक्त कार्यक्रम पार्टीका जिल्ला सचिवालय सदस्य धनबहादुर राना, दलित मुक्ति मोर्चाका कञ्चनपुर जिल्ला संयोजक लोकेन्द्र विकलगायत नेता कार्यकर्ताहरू अभियानमा सहभागी छन् ।

# जनपत्रकार सङ्गठन पाल्पाको भेला सम्पन्न

**पाल्पा ।** जनपत्रकार संगठन, पाल्पाको प्रथम भेला सम्पन्न भएको छ । शुक्रबार तानसेनमा सम्पन्न उक्त भेलाले किश्मा खड्काको नेतृत्वमा ७ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ । पत्रकार संगठनका सदस्यहरूमा रूपा सेन, कविता सारु, शोभा सारुलगायत रहेका छन् । उक्त भेलामा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी, पाल्पा इन्चार्ज प्रविण, सेक्रेटरी प्रभातलगायत थिए । भेलाले श्रमजीवी, प्रगतिशील, पेसागत पत्रकारहरूको पक्षमा निष्पक्ष वकालत गर्दै संघर्ष गर्ने निर्णय पनि गरेको छ । भेलाले नेपाल पत्रकार महासंघको चैत २५ गते हुन लागेको निर्वाचनमा जनपत्रकार संगठन, नेपाल एलायन्स भएको कार्यक्रममा सक्रियतापूर्वक सहभागी र प्रचार प्रसार गर्ने निर्णयसमेत गरेको छ ।

# नेकपा दाङका नेता कार्यकर्ता श्रमदानमा व्यस्त

**दाङ ।** विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता दाङमा यतिबेला जनश्रमदानमा व्यस्त रहेका छन् । नेकपा दाङ जिल्लाअन्तर्गत शान्तिनगर गाउँपालिकामा जनताको गहुँ काटेर जनश्रमदान गरेको शान्तिनगर गाउँपालिका इन्चार्ज विवेकले जानकारी दिए । शान्तिनगर गाउँपालिका इन्चार्ज विवेकका अनुसार जनश्रमदानमा करिब २५ जना पार्टी नेता कार्यकर्ताको उपस्थिति रहेको थियो । श्रमदानमा नेकपा शान्तिनगर सेक्रेटरी राजेन्द्रबहादुर विश्वकर्मा, अखिल नेपाल ट्रेड युनियन महासंघ शान्तिनगर अध्यक्ष विद्रोही, किसान महासंघ शान्तिनगर अध्यक्ष खड्क जैसी, युवा संगठन नेपाल शान्तिनगर अध्यक्ष तिलक फुलामीको सहभागिता रहेको थियो ।

उता तुलसीपुर नगर समितिद्वारा पनि जनश्रमदान गरिएको छ । नेकपा तुलसीपुर नगर इन्चार्ज सरलको कमाण्डमा करिब १२ जना तुलसीपुर नगर पार्टीका नेता कार्यकर्ताको उपस्थितिमा तुलसीपुरमा जनताको खेतमा गहुँ काटेर श्रमदान गरिएको हो । जनश्रमदानमा विभिन्न जनवर्गीय संगठनका प्रतिनिधिमुलक सहभागिता रहेको थियो । नेपाल कम्युनिस्ट पार्टी यतिबेला जिल्ला जिल्लामा जनश्रमदानमा व्यस्त छ ।

## मालेमावादको प्रारम्भिक ....

निर्माण गर्न सजिलो हुने विश्वास व्यक्त गरेका छन् ।

महासचिव विप्लवले दर्शन, अर्थशास्त्र र साम्यवादलाई आम नागरिकको चासो र सरोकारको विषय बनाए मात्र साम्यवादी आदर्शले भौतिक जीवन प्राप्त गर्ने उल्लेख गरेका छन् । किताबभित्र महत्वपूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय दिवसहरू, वैज्ञानिक समाजवाद तथा साम्यवादी सिद्धान्तका प्रणेता र प्रयोगकर्ताहरूको संक्षिप्त परिचयको साथै एकीकृत जनक्रान्तिका सहिदहरूको सूचीसमेत उल्लेख गरिएको छ । दर्शनशास्त्र, वैज्ञानिक समाजवादी अर्थशास्त्र तथा वैज्ञानिक समाजवादको बारेमा ३ खण्डमा विषयसूची तयार पारिएको पुस्तकले विश्वदृष्टिकोण निर्माण गर्नेमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## किसान महासंघको ....

जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेललगायतका नेताहरूको उपस्थिति थियो । 'दलाल भूमाफियाको जग्गा राष्ट्रियकरण गरौं ! वैज्ञानिक समाजवादको बाटोमा अघि बढौं !!' भन्ने नारासहित हुन लागेको भेलामा देशैभरिबाट प्रतिनिधिहरू सहभागी भएका छन् ।

## राष्ट्रिय मुक्ति अभियान ....

भएको हो ।'

प्रवक्ता प्रकाण्डले राष्ट्रिय मुक्ति र जनमुक्तिका लागि जनक्रान्तिमा इमानदारितापूर्वक लामबद्ध हुन कार्यकर्तालाई निर्देशन दिए । उनले भने, 'पार्टीले अवलम्बन गरेको नीति संसदीय व्यवस्थाले उत्पन्न गरेको समस्यालाई अग्रगामी समाधान दिनु हो ।' जनताको अपेक्षा पूरा गर्न पार्टीले राष्ट्रिय राजनीतिको मुख्य जिम्मेवारी काँधमा लिनुपर्ने अवस्था उत्पन्न भएको धारणा राख्दै पार्टी प्रवक्ता प्रकाण्डले सोही जिम्मेवारीका साथ पार्टी वार्ता र सहमतिमा आएको प्रस्ट पारे । सरकार र नेकपाबिचको वार्ता र सहमतिले फाइदा पुगेपछि दलाल पुँजीवादीहरू यसलाई 'सेवोटेज' गर्ने षड्यन्त्रमा लागि परेकाले सबै चनाखो भएर अघि बढ्नुपर्ने प्रकाण्डको भनाइ थियो ।

प्रशिक्षण कार्यक्रममा नेकपाका सल्लाहकार समितिका अध्यक्ष असारे काका, एकीकृत जनक्रान्तिका घाइते योद्धा सुरेन्द्र महर्जनले पनि परिवर्तित राजनीतिक अवस्था र पार्टीको जिम्मेवारीबारे आ-आफ्नो धारणा राखेका थिए । नेकपाका उपत्यका इन्चार्ज मिलनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा काठमाडौं जिल्ला इन्चार्ज शरद रसाइलीले स्वागत र नेकपा नुवाकोट इन्चार्ज सविता तामाङले सञ्चालन गरेकी थिइन् ।

## विप्लवद्वारा अम्मलालका ....

बाजुराको युवा सङ्गठन नेपालका जिल्ला सदस्य हाल झुट्टा मुद्दामा जेलजीवन बिताइरहनुभएका कमरेड अम्मलाल थापा 'आशीष' का बुबा धनलाल थापाको हिजो २०७७/१२/१९ गते बाजुरा जिल्ला हिमाली गाउँपालिका, वडा नं. १ नेटामा निधन भएको खबरले पार्टीलाई दुःखी बनाएको छ । यस दुःखद् घडीमा मृतक बुबा धनलालप्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।'

नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति बाजुराले पनि युवा संगठन अम्मलाल थापाका बुबा धनलाल थापाको निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ । जिल्ला इन्चार्ज एन्डिजले शुक्रबार शोक वक्तव्यमार्फत् धनलाल थापा निधन भएको खबरले अत्यन्तै दुःखी भएको भन्दै र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन् ।

## सहिद परिवार र वेपत्ता ....

इमानदारिताका साथ क्रान्तिमा अघि बढेको बताए । नेपाली क्रान्तिको नयाँ मोडेल प्रक्षेपण गरेको बताउँदै उनले नेपाली जनताले शासन सत्ता फेरिएको महसुस गर्न नपाएको उद्घोष गरे । उनले सहिद बेपत्ता परिवारको समस्या राज्यसत्ताबाटै हल हुने प्रयास गर्ने यदि समस्याको हल नभए राज्यसत्ता परिवर्तन गर्न सबै एकताबद्ध हुनुपर्नेमा जोड दिए । उनले भने, अहिलेको वार्ता आत्मसमर्पण वा केपीसँग मिल्न गएको होइन, हामी थाकेका पनि छैनौं र गलेका पनि छैनौं ।'

प्रमुख अतिथि विषमले अहिले सत्तामा देखिएको संकट केपी-प्रचण्डको असफलता नभएर विश्वमा असफलसिद्ध संसदीय व्यवस्थाको असफलता भएको जिकिर गरे । उनले यही सत्तामा अनेकौं अवसर आएको तर आफूहरू पद, प्रतिष्ठा र पैसाका लागि बिक्री नभएको अब एकपटक इमानदारिताका साथ एकीकृत जनक्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादको सुनौलो बिहानी ल्याएरै छोड्ने उद्घोषसमेत गरे ।

कार्यक्रममा आधारपत्र प्रस्तुत गर्दै जनक्रान्तिका महान् सहिद परिवार संगठन नेपालका केन्द्रीय अध्यक्ष सावित्रा दुरा 'आस्था' ले सहिद परिवार बेपत्ता योद्धाहरूप्रति राज्य जिम्मेवार नभएको बताइन् । उनले सहिद परिवार बेपत्ता परिवारप्रति राज्य जिम्मेवार नभए नेपालमा अर्को आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने उद्घोष गरिन् । अन्तरक्रिया कार्यक्रममा बोल्दै नेकपा केन्द्रीय सदस्य तथा राप्ती ब्युरो इन्चार्ज केशबहादुर बाठामगर 'सुवास' ले महान् जनयुद्धको इतिहासलाई मर्न नदिने बताए । उनले भने, 'जे जति उपलब्धि भए त्यसको रक्षा गर्दै बाँकी क्रान्तिका कार्यभार पूरा गर्ने महान् अभियानमा छौं ।'

बेपत्ता योद्धा परिवार समाज नेपालका केन्द्रीय अध्यक्ष रामबहादुर थापा 'सुन्दर' को अध्यक्षतामा भएको कार्यक्रममा जनक्रान्तिका सहिद परिवार संगठन नेपालका पूर्व केन्द्रीय सदस्य असिना, सहिद परिवार संगठन नेपाल विशेष समिति सदस्य सुन्दर वली, नेपाली कांग्रेस जिल्ला पार्टी सचिवालय सदस्य टेकबहादुर वली, नेकपा माओवादी केन्द्र ५ नं. प्रदेश सचिवालय सदस्य नुमाकान्त न्यौपाने, राप्रपा केन्द्रीय कार्य सम्पादन सदस्य मीना स्वर्णकार, नेकपा मालेका जिल्ला सचिव नेत्र पाण्डे, नागरिक समाज दाङका अध्यक्ष केबी मसाल, नेपाल पत्रकार महासंघ दाङ सचिव भूपेन्द्र वली, जनजागरण नेपालका केन्द्रीय सदस्य मंगल चौधरी, युगबोध पत्रिकाका सदस्य गोविन्द खड्का, जनपत्रकार संगठन नेपाल दाङका संयोजक हेमन्तप्रकाश वली, बार एसोसियसनका प्रतिनिधि तथा अधिवक्ता ओमभक्त डाँगी, मानव अधिकार सञ्जालका संयोजक केशव शर्मा, नेकपा (क्रान्तिकारी माओवादी) दाङ जिल्ला इन्चार्ज एवम् केन्द्रीय सदस्य समीर केसी थिए भने महान् जनयुद्धका घाइते योद्धा असलले आफ्नो मन्तव्य राखेका थिए ।

रैबहादुर बस्नेत 'घर्ती' को स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण जनक्रान्तिका सहिद परिवार संगठन नेपालका केन्द्रीय अध्यक्ष खुमा सुवेदीले गरेकी थिइन् । कार्यक्रममा रैबहादुर बस्नेत 'घर्ती' को संयोजकत्वमा ९ सदस्यीय जनक्रान्तिका सहिद परिवार संगठन नेपाल राप्ती ब्युरो समिति गठन गरिएको छ । यसैबिच, जनक्रान्तिका महान् सहिद परिवार संगठन नेपाल र राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपालको संयुक्त आयोजनामा बुटवलमा पनि एक अन्तरक्रिया गरिएको छ । उक्त कार्यक्रममा नेकपाका नेता विषमले दलाल पुँजीवादी राज्यसत्ता रहँदासम्म महान् सहिदहरूको सपना पूरा नहुने बताउँदै प्रतिक्रियावादीहरूको दमनबाट बाँचेर आएको अतिरिक्त जीवन क्रान्तिमा नै समर्पित गर्ने बताए । नेकपा केन्द्रीय सदस्य एवम् लुम्बिनी ब्युरो इन्चार्ज कृतिले संसदीय पुँजीवादी व्यवस्थाको अन्त्य नै सहिद तथा बेपत्ता योद्धाहरूको सपना भएको बताउँदै ती सपना पूरा नहुँदासम्म संघर्ष जारी रहने बताएका छन् । उनले पुँजीवादी सत्ताको विरुद्ध देशभक्त, क्रान्तिकारी, सच्चा लोकतन्त्रवादीहरूको एकीकृत संघर्षका लागि छलफल गर्न पार्टी तयार रहेको बताए ।

नेकपा केन्द्रीय सदस्य सावित्रा दुराले आधारपत्र प्रस्तुत गर्दै महान् सहिदहरूको सपनामाथि राज्यले धोका दिँदै आएको भन्दै क्रान्ति सम्पन्न नहुँदासम्म संघर्ष जारी राख्नुपर्ने बताएकी छिन् । उनले सहिद बेपत्ता योद्धाका हत्यारालाई राज्यले सम्मान र पुरस्कृत गरेर परिवारजनलाई अपमान गरेको समेत बताइन् । यसैगरी, नेकपा केन्द्रीय स्कुलिङ विभागका प्रमुख भेषराज भुसालले महान् जनयुद्ध र जनआन्दोलनलाई संसदीय व्यवस्थाभित्र कैद गर्ने नेतृत्वको आत्मसमर्पणवादी र दलाल प्रवृत्तिका कारण सहिदहरूको सपना पूरा नभएको भन्दै शोषणकारी पुँजीवादी राज्यसत्ता रहँदासम्म सहिदको सपना पूरा नहुने बताए । उनले विचार, निष्ठा र आदर्शलाई सरकारले दिने पैसासित साट्न नसकिने समेत बताए ।

कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य पीताम्बर आचार्य, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वामदेव क्षेत्री, नेकपा मसालका प्रवक्ता नारायण जीसी, नेपाली कांग्रेसका जिल्ला नेता ज्योति भण्डारी, अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठक, संगठनकी केन्द्रीय अध्यक्ष खुमा सुवेदी, राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेशका उपसचिव सन्तोष आचार्य, मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय अध्यक्ष गोविन्द खनाल, बार एसोसियसन रूपन्देहीका उपाध्यक्ष ज्ञानु केसी, मार्क्सवादी विचार मञ्च, नेपालका सचिव बिनबहादुर कुँवर, राष्ट्रिय स्वाधीनताका लागि नागरिक अभियानका अध्यक्ष पद्मबहादुर कार्कीलगायतले सहिद तथा बेपत्ताहरूको जिम्मा राज्यले लिनुपर्ने भन्दै राज्य सञ्चालन गर्ने नेतृत्वको नालायकीपनका कारण सहिद परिवारको बिचल्ली भएको बताएका छन् ।

कार्यक्रममा लुम्बिनी ब्युरोअन्तर्गतका कपिलवस्तु, रूपन्देही, नवलपुर, पाल्पालगायतका विभिन्न जिल्लाहरूबाट सहिद तथा बेपत्ता योद्धाका परिवारहरूको सहभागिता रहेको थियो । बुटवलमा आयोजित कार्यक्रमको अवसरमा सहिद तथा बेपत्ता योद्धा परिवारका तुलसा पाण्डेको अध्यक्षतामा ५ सदस्यीय राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपाल लुम्बिनी ब्युरोसमेत गठन गरिएको छ ।

## राज्यले सहिद वेपत्ताको ....

सचिवालय सदस्य धर्मेन्द्र बास्तोलाले 'सहिद तथा बेपत्ता परिवारको सपना अझै पूरा नभएको बरु राज्यले यसलाई अवमूल्यन गरेको बताए । महान् सहिद तथा बेपत्ताहरूको त्याग, बलिदान, समर्पण निकै माथि रहेको भन्दै बास्तोलाले राज्यले सहिद बेपत्ता योद्धाहरूको अवमूल्यन गर्नुको अर्थ उहाँहरूका परिवारजनमाथि अपमान र सिङ्गो परिवर्तनमाथि धोका भएको बताए ।

कार्यक्रममा नेता बास्तोलाले अहिलेको व्यवस्थाबाट देशको स्वाभिमान र आत्मनिर्भर गुमेकोले देशमा मानवीय अन्यायपूर्ण संकटदेखि प्राकृतिक संकट उत्पन्न भई लुटखसोट मच्चिएको बेला यसलाई वर्तमान पुँजीवादी राज्यसत्ताले झन् प्रोत्साहन र तीव्रता दिएको बताए । वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सबैखाले समस्याको समाधान हुने भन्दै बास्तोलाले अबको देशको विकल्प आफ्नो पार्टीले अघि सारेको वैज्ञानिक समाजवादी व्यवस्था मात्र भएको बताए । यसबारे नेता बास्तोलाले आफूहरूले जनमत संग्रहमार्फत् जनताको बिचबाटै छिनोफानो गर्न चाहेको बताए । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सरकार नेकपाबिच हालै भएको वार्ता टोलीका सदस्य उदयबहादुर चलाउने 'दिपक' ले सरकार र नेकपाबिच भएको वार्तालगायतका विषयमा प्रस्ट पारेका थिए ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा भेरी-कर्णाली ब्युरो इन्चार्ज एटम बिसी, केन्द्रीय सदस्य एवं सहिद तथा बेपत्ता परिवार समाज नेपालका फ्रयाक्सन इन्चार्ज सावित्रा दुरा 'आस्था', कोहलपुर नगरपालिकाका मेयर लुटबहादुर रावत, नेपाली काँग्रेसका केन्द्रीय महाधिवेशन प्रतिनिधि मीना सिग्देल, राष्ट्रिय मानव अधिकार आयोगका दयाराम पाठक, इन्सेकका भोला महत, सहिद तथा बेपत्ता परिवारहरू, विभिन्न राजनीतिक दलसँग आबद्ध व्यक्तित्वहरू, बुद्धिजीवी, समाजसेवी, पत्रकार र विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहिद तथा बेपत्ता योद्धाहरूको तर्फबाट नेकपाकी केन्द्रीय सदस्य तथा सहिद तथा बेपत्ता परिवार समाज नेपालका फ्रयाक्सन इन्चार्ज सावित्रा दुरा 'आस्था' ले कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

बेपत्ता योद्धा परिवार समाज, नेपालका अध्यक्ष रामबहादुर थापाको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन जनक्रान्तिका महान् सहिद परिवार संगठन, नेपालका केन्द्रीय अध्यक्ष खुमा सुवेदीले गरेकी थिइन् ।

## चैत्र २४ को ....

नारा लगाएको थियो । त्यो नारा वाम-काङ मोर्चाको थिएन । जुलुसमा काङ्ग्रेसको पनि झन्डा भने देखिन्थ्यो । अनौठो के भयो भने त्यो विशाल जुलुसलाई प्रहरीले हस्तक्षेप गरेन । उल्टै प्रदर्शनकार सँग हात मिलाएर बाइबाई गरे, हाँसेर बसिरहे । शाही घोषणा, त्यसको विरोध र जनआन्दोलनको विजयको चित्र तथा सूचना प्रहरीले पनि पाएको हुनुपर्छ ।

बिहान ११:३० मा त्रिचन्द्र क्याम्पस अगाडिबाट २ सयजति कानुन व्यवसायी गिरफ्तार भए । मरिचमानको बर्खास्ती र चन्दको शपथग्रहण भैसकेको अराजक अवस्थामै कानुन व्यवसायीहरू पक्रिएका थिए ।

अपराह्न ३ बजेतिर काठमाडौं, ललितपुर र कीर्तिपुरबाट आएको जुलुस सिंहदरबारतिरको पश्चिम भद्रकालीमा भेट भयो । त्यसपछि जुलुस नयाँसडक, इन्द्रचोक, बाङ्गेमुडा, ठमेल हुँदै त्रिदेवी मार्ग भएर राजदरबारतिर मोडियो । जमलबाट अर्को जुलुस पनि त्यहीँ पुग्यो । तर प्रहरीले जुलुसलाई अगाडि बढ्न दिएन । त्यसपछि जुलुस टुँडिखेलतिर मोडियो । खुलामञ्चमा नगरपालिकाले लगाएको ताल्चा फोडेर प्रदर्शनकारीहरू खुलामञ्चतिर पसे । खुलामञ्चको हाते माइकबाट वाम-काङका नेताहरूले राजाप्रति सम्मानका शब्दहरू बोलेपछि 'मञ्च छोड, पञ्चको दलाल' भन्दै चिच्याउन थाले । त्यसपछि मान्छेहरू जथाभाबी उठेर हिँड्न थाले । आक्रोशित भीड वीर अस्पतालतिर मोडियो । कसैले 'दरबार जाऔं' भन्दै हात हल्लायो । रत्नपार्कमा रक्षात्मक अवस्थामा बसेका प्रहरीको घेरा तोड्दै जुलुस तीनधारा पाठशाला पुग्यो । जमलबाट अर्को जुलुस त्यहीँ पुग्यो । त्यहाँ धेरैबेर झडप भयो । आन्दोलनकारीको दबाबमा परेर प्रहरीहरू अन्नपूर्ण होटेलतिर पुगेका बेला जुलुस महेन्द्रको सालिकमा पुग्यो । सालिकमा चढेर एकजना युवकले जुत्ताले महेन्द्रको सालिकमा हान्यो । सालिकको श्रीपेच भाँचियो । दरबारतिरबाट आएको गोलीले त्यो अपरिचित युवक सडकमा ढल्यो । फेरि अर्को युवक सालिकमा चढ्यो । ऊ पनि ढल्यो । दरबारमार्ग रगतले रङ्गियो । अन्नपूर्ण होटेलअगाडि पहिलो पङ्क्तिमा प्रहरी र त्यसपछाडि शाहीसेना तैनाथ थियो । शाहीसेनाको गोलीले दर्जनौं आन्दोलनकारी मारिए । आक्रोशित भीडले शाही परिवारद्वारा सञ्चालित शेर्पा होटेल तोडफोड गर्‍यो । मारिनेमध्ये २१ वर्षीय बुद्धिनाथ खनाल सुन्धाराको एक होटेलका कामदार थिए । अर्को पाटनका सानुकान्छो तामाङ थिए । त्यस दिन राजाकी बहिनी शान्ति र शारदाको घरको छतमा शाहीसेना गोली चलाउन तयार भएर बसेको भयावह चित्र देखिन्थ्यो । दरबारमार्गमा गोली चलेपछि प्रहरीले राजधानीका अधिकांश चोकमा गोली चलाउन थाल्यो । वीर अस्पतालको छतबाट त्यो बीभत्स दृश्य हेरिरहेका गणेशमान सिंहलाई अङ्ग्रेजी भाषाको अखबार 'मिडिया नेपाल' की सम्पादक भारती सिलवालले अब के होला ? भनी सोध्दा गणेशमानले 'ऊ क्रूर शासक निरोको जस्तो व्यवहार गर्दैछ । उसले यस अवस्थालाई यसरी नै नियन्त्रण गर्न सक्छु भन्ने सोचेको छ भने त्यो उसको मुर्ख्याइँ मात्रै हो' भनेका थिए । त्यसबेला कमलाक्षी, भोटाहिटी, बागबजार, कान्तिपथमा भिडन्त र गोली चलिरहेको थियो । कान्तिपथमा एकजना विदेशी पत्रकार पनि मारिए । आन्दोलनकारीले वीरअस्पताल छेउको नगरपञ्चायतको वडा कार्यालय जलाए । त्यसपछि रानीपोखरीको दक्षिणपूर्व किनारामा रहेको वागमती प्रहरी अञ्चल कार्यालयमा आगो लाग्यो । यातना र दमनको पोल खुल्ने भयले प्रहरीले नै आगो लगाएको आशंका पनि गरियो । तर त्यो विषयमा छानबिन नै नगरी 'आन्दोलनको कारण' ठानियो । साँझदेखि काठमाडौंसहित प्रमुख सहरमा कर्फ्यु आदेश गरियो । २५ गते बिहानदेखि राजबन्दीहरू रिहा गरिन थालिए ।

**च. आन्दोलनको भावनामाथि धोका**

शान्तिपूर्ण भनिएको आन्दोलन हिंसात्मक भएको र वाम-काङ गठबन्धनका विरुद्ध गणतन्त्रकै दिशामा आन्दोलन गएपछि राजदरबार मात्र होइन, काङ्ग्रेससमेत आफ्नो हातबाट नेतृत्व खुस्किएकोमा चिन्तित थियो । चन्द सरकारको नेतृत्वमा दरबारले वार्ता सुरु गर्‍यो । वाममोर्चाकी अध्यक्ष सहाना प्रधानसँग गुनासो गर्नुबाहेक अरू विकल्प थिएन । चैत २५ गते नै काङ्ग्रेसले दरबारसँग वार्ता गरिसकेको र सहमति कायम गरिसकेको थियो । चैत २६ गते दिनभर नेकपा (माले) सहित वाममोर्चालाई सहमत गराइयो । चैत २७ गते राति राजदरबार, नेपाली काङ्ग्रेस र वाममोर्चाका बीचमा राजबन्दीको रिहाइ, दलीय व्यवस्थाको बहालीको सर्तमा आन्दोलन स्थगित भएको घोषणा भयो । संयुक्त राष्ट्रिय जनआन्दोलनले त्यसलाई धोकापूर्ण त्रिपक्षीय सम्झौता भन्दै त्यसको विरुद्ध विज्ञप्ति जारी गर्‍यो । कर्फ्यु जारी नै थियो । राति नै जनता विजय जुलुसमा निस्किए । काठमाडौं, चितवनलगायत ठाउँमा बहुदलको घोषणापछि पनि कयौं नागरिक मारिए । शाही घोषणामा 'घुमाउरो पाराले बहुदलीय व्यवस्था स्वीकार गरिएको तर पञ्चायती निकाय खारेज नगरिएको अवस्था' थियो । त्यत्तिमै आन्दोलनको घाँटी निमोठिएको थियो ।

**छ. जनता उत्सवमा : बौद्धिक क्षेत्र निराशामा**

क्रान्तिकारी मोर्चा मात्र होइन, बौद्धिक जगत् पनि त्रिपक्षीय सम्झौताबाट निराश थियो । देवेन्द्राज पाण्डेले समाचार सुनासाथ गिरिजाप्रसाद कोइरालालाई फोन गरेर भने, 'म तपाईंहरूबाट ज्यादै निराश भएको छु । तपाईंहरूले जनताको चाहनाहरूको बेवास्ता गरेर सम्झौता गर्नुभयो । यो जनतामाथि विश्वासघात हो ।'

त्यसबेला पाण्डेको आँखामा आँसु टिलपिल भएको थियो । नेकपा (माले) का नेता राधाकृष्ण मैनालीलाई दरबारसँगको वार्तामा जाने निर्णय त के सूचनासम्म थिएन । जानीजानी सम्पर्कविच्छेद गरेर मैनाली दरबार पुगेका थिए । पञ्चायती व्यवस्थाभित्र बहुदलीयताका पक्षमा दरबारले वैशाख ३ गतेसम्म कोसिस गर्‍यो । २०४७ वैशाख ३ गते बिहान राजा वीरेन्द्रले राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति र ६ वटा जनवर्गीय सङ्गठन विघटनको घोषणा गरे । राजाले गणेशमान सिंहलाई प्रम हुन भने पनि उनी तयार नभएपछि कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारका प्रधानमन्त्री भए ।

**ज. सारसङ्क्षेप**

पञ्च र नेपाली काङ्ग्रेसको वर्गीय पक्षधरता एउटै थियो । यिनीहरू दुवै सामन्तवादी-साम्राज्यवादी धाराका वाहक थिए । नेकपा (माले) वैचारिक रूपमा स्खलित र व्यावहारिक रूपमा अवतरणको संक्रमणमा थियो । सत्तारुढ हुनासाथ काङ्ग्रेस-वाममोर्चाले पञ्चायतभन्दा पनि जनविरोधी-राष्ट्रविरोधी कामहरू गर्न थाले । पञ्चायती कालका उद्योगहरू टाट पल्टाउने, निजीकरण गर्ने र परनिर्भरता बढाउने काममा उनीहरूले पञ्चायतलाई पछाडि पारे । २०४७ चैत २४ गते सरकारको विरुद्ध शान्तिपूर्ण आन्दोलनको दौरानमा देशको राजधानीमै दर्जनौं नागरिक मारिए । उनीहरू जनविरोधी, निरङ्कुश पनि साबित भए । नेपाली काङ्ग्रेस र राज्यले नै पहिलोपटक जनताका विरुद्ध बन्दुक उठाए । जनताले २०५२ सालमा त्यसको व्यवस्थित प्रतिरोध गरेका थिए । आज फेरि काङ्ग्रेस-एमाले सत्तामा छन् र प्रचण्ड समूह तत्कालीन एमालेको स्थानमा छ । उनीहरूले जनतामाथि शोषण, दमन र राष्ट्रघात जारी गरे भने जनताले व्यवस्थित र उचित समयमा प्रतिरोध गर्नेछन् । चैत २४ को ऐतिहासिक शिक्षा लिने कि इतिहास दोहोऱ्याउने !

## वैज्ञानिक समाजवादका ....

अगाडि बढेको छर्लङ्ग छ । जे भए पनि यहाँसम्मका घटनाक्रमले के बताउँछ भने, उनीहरूको क्रान्ति, सत्ताको कुरा आफूलाई नवधनाढ्य अभिजात वर्गमा पुऱ्याउने झुटको खेतीबाहेक अरू केही थिएन । अब यो झुटको खेतीमा ढडेलो लगाएर क्रान्ति सम्पन्न गर्नुपर्नेछ । आफूभित्र प्राण भर्ने प्रयलस्वरूप हरेक खालका कुकर्म गरिरहेको पुँजीवादी सत्ताको चिहानमा वैज्ञानिक समाजवादको स्थापना गर्नु छ, जुन उज्यालो भविष्य हाम्रो सन्निकट छ । यस्ता अवसर इतिहास बिरलै भेट्टाइन्छन् ।

क्रान्तिकारी ऐतिहासिक कार्यभार पूरा गर्न समाजवादका हिमायतीहरूले आफूलाई एक ढिक्का बनाउनैपर्छ । वैज्ञानिक समाजवादको रणनीतिमा प्रतिबद्ध मात्र होइन, दृढ प्रतिबद्धताका साथ पुँजीवादको केन्द्र भागमा हमला गर्नु समाजवादीहरूको दायित्व हो । चार दशकअगाडि भारतमा जयप्रकाश नारायणले सम्पूर्ण क्रान्तिको उद्घोष गरेजस्तै नेपालमा पनि उच्च स्वरमा एकीकृत जनक्रान्तिको आह्वान गरिएको छ । एकीकृत जनक्रान्तिको विकसित मालेमावादी समाज विज्ञानको आलोकमा वैज्ञानिक समाजवादका लागि सम्पूर्ण क्षेत्रबाट आन्दोलनको आँधीबेहरी सिर्जना गर्दै अगाडि बढ्नुको विकल्प छैन । मजदुर, किसान, महिला, युवा, विद्यार्थी, दलित, जनजाति, मधेसीलगायत उत्पीडित क्षेत्रका सबै जनता एकताबद्ध भएर उमङ्गका साथ आन्दोलनको बाटोमा अगाडि बढौं । सम्पूर्ण आन्दोलनले क्रान्तिको ढोका खोल्नेछ ।

# लमजुङमा किसानको भेला सम्पन्न

**लमजुङ ।** नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) लमजुङको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । लमजुङको दोर्दी गाउँपालिकाको कान्छागाउँमा सम्पन्न भेलाले केशव दवाडीको नेतृत्वमा ११ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

भेलालाई सम्बोधन गर्दै अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), गण्डक ब्युरो संयोजक सागर अर्यालले सरकारबाट पाउने सेवा सुविधा र अनुदानबाट वास्तविक किसान बञ्चित भएको तर कागजी प्रक्रिया मात्र पूरा गरेका नक्कली किसानले अनुदान पाउने गरेको बताए । बिहीबार सम्पन्न भेलालाई सम्बोधन गर्दै नेकपाका लमजुङ इन्चार्ज आक्रोशले जमिनको स्वामित्व वास्तविक किसानमा रहनुपर्नेमा मुट्ठीभर दलालको हातमा रहेकोले किसानले संघर्ष गर्नुको विकल्प नरहेको बताए ।

# क्रान्तिकारी ट्रेड युनियन महासंघको छैठौं जिल्ला सम्मेलन

**बुटवल ।** अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ रूपन्देहीको छैठौं जिल्ला सम्मेलन आइतबार बुटवलमा सम्पन्न भएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको लुम्बिनी ब्युरो सदस्य तथा नवलपुर जिल्ला इन्चार्ज ध्रुवले वर्तमान संसदीय व्यवस्थाबाट मजदुरहरूको मुक्ति सम्भव नभएको बताएका छन् । अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संगठनका केन्द्रीय अध्यक्ष श्याम सेन्चुरीले श्रमजीवी मजदुरहरूको सम्पूर्ण समस्याको हलका निमित्त वर्तमान संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए ।

अखिल नेपाल जनसांस्कृतिक महासंघका लुम्बिनी ब्युरो संयोजक तथा अखिल नेपाल लेखक संघका महासचिव खोमा तरामु मगरले वर्तमान व्यवस्थाले मजदुर, किसान, सुकुमबासीहरूको समस्या हल नगर्ने र यो व्यवस्थालाई बदल्नुपर्ने बताए । सम्मेलनले खगेन्द्र पौडेलको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ, जसको उपाध्यक्षमा प्रदेशी मल्लाह, सचिवमा प्रेम बिसी, सहसचिवमा लालबहादुर सुनार र कोषाध्यक्षमा सुशिला रूचाल निर्वाचित भएका छन् । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य सन्देशको सञ्चालनमा भएको कार्यक्रमको अध्यक्षता खगेन्द्र पौडेल, प्रमुख अतिथि ध्रुव, स्वागत मन्तव्य धनबहादुर कुमालले राखेका थिए ।

# माओवादी सेनाको एम्बुसद्वारा २२ सुरक्षाकर्मीको मृत्यु

**काठमाडौं ।** भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का सेनाले थापेको एम्बुसमा परी २२ सुरक्षाकर्मीको मृत्यु भएको छ । भारतको बस्तर डिभिजनअन्तर्गत बिजापुर जिल्लाको तारेम जङ्गलमा शनिबार माओवादी सेनाले थापेको एम्बुसमा परी २२ जनाको मृत्यु भएको पुष्टि भएको हो । उक्त घटनामा ठूलो सङ्ख्यामा सुरक्षाफौज घाइते भएको त्यहाँका सञ्चार माध्यमले जनाएका छन् । माओवादी सेनाले तालिम गरिरहेको भन्ने सूचनाको आधारमा सर्च अप्रेसनमा गएको ४ सयजनाको सरकारी फौजमाथि भएको एम्बुस आक्रमणमा २२ जना सुरक्षाकर्मीको मृत्यु भएको तर मृतकको सङ्ख्या त्योभन्दा बढी हुन सक्ने भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् । केही दिन पहिले मात्र सोही क्षेत्रमा माओवादी एम्बुसमा परेर ५ जना सरकारी सुरक्षाकर्मीको मृत्यु भएको थियो ।

# म्यानमारका सेनाको दमनका विरुद्ध क्रान्तिकारीको प्रदर्शन

**ललितपुर ।** म्यानमारका सेनाले गरेको त्यहाँ गरेको दमनका विरुद्ध अखिल (क्रान्तिकारी), ललितपुरले पाटन बहुमुखी क्याम्पसमा सोमबार प्रदर्शन गरेको छ । अखिल क्रान्तिकारी, ललितपुरले आयोजना गरेको प्रदर्शनमा विद्यार्थीहरूले 'Justice for Myanmar'; 'We with myanamar people's', 'Down Down Myanmar military fasicism' लगायतका नाराहरू लेखिएका प्लेकार्डहरू बोकेका थिए । अहिले विश्वका अधिकांश देशले म्यानमारको सैनिक शासनका विरुद्ध आक्रोश पोखिरहेका छन् । हालसम्म म्यानमारको सेनाले ४३ भन्दा बढी बालबच्चाको हत्या गरिसकेको र सयौँ नागरिकलाई क्रूरतापूर्वक सैनिक शासकद्वारा मारिएको समाचार आइरहेका छन् ।

# काठमाडौंमा नयाँ जिम्मेवारीमा आउनेलाई स्वागत

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीको काठमाडौं महानगर समितिले सङ्गठनको नयाँ जिम्मेवारी लिएर आउने र जेल हिरासत मुक्त भएर आउनेहरूलाई स्वागत तथा सम्मान गरेको छ । काठमाडौं जिल्ला इन्चार्जको नयाँ जिम्मेवारी लिएर आएका नेकपाका नेता जीवन र सेक्रेटरीको जिम्मेवारी लिएर आउने तुलसीनारायणलाई स्वागत तथा सम्मान गरिएको छ । राज्यद्वारा पार्टीमाथि लगाइएको प्रतिबन्धपछि जेल हिरासतबाट रिहा भएर आएका पार्टीका नेता कार्यकर्ताहरू सौगात, सोक्रेट्स, डियम, अदृश्य, आजाद, अविरल, सामना, समय र पहलमानलाई जिल्ला इन्चार्ज जीवन र सेक्रेटरी तुलसीनारायणले खादा र अबिर लगाएर सम्मान गरेका छन् ।

सम्मानित सबैलाई जीवन र तुलसीनारायणले निडर भई जेल र हिरासत मोर्चा लड्नुका साथै, जेल हिरासतको मोर्चा जितेर आएकोमा धन्यवाद र बधाईसहित आगामी कार्यकालको शुभकामना पनि व्यक्त गरे । आइतबार सम्पन्न नेकपाको बैठकले विगतका काम कारबाहीहरूको छलफल र समीक्षासहित महत्वपूर्ण निर्णय गरेको छ । बैठकमा गरिएका निर्णयलाई कडाइपूर्वक कार्यान्वयन गर्न जिल्ला इन्चार्ज जीवन, सेक्रेटरी तुलसीनारायण, काठमाडौं महानगर इन्चार्ज सौगातले निर्देशन दिएका थिए ।


## डिभिजन वन कार्यालय कैलालीको अनुरोध

१. चुरोट तथा बिडीका ठुटाहरू जथाभावी नफालौं, सलाई चुरोट तथा बिडीका ठुटाहरू राम्रोसँग निभाऔं ।
२. जङ्गलमा घाँस पलाउने आसमा वनमा डढेलो नलगाऔं ।
३. हरीबतास चल्ने ठाउँमा आगो नबालौं, बाल्नै परे होसियारी अपनाऔं ।
४. डढेलोबाट वन जोगाऔं, जैविक विविधताको संरक्षण गरौं ।
५. आगलागी भई हालेमा स्थानीय सुरक्षा निकाय र वन कार्यालयमा खबर गरौं, सबै मिली निभाऔं ।
६. वन क्षेत्रको बाटोको दायाँ–बायाँ रहेका पात पतिङ्गर सल्लीपिरल हटाई सफा राखौं ।
७. गाउँ टोलमा आगलागी तथा वन डढेलोको रोकथामको बारेमा आजैबाट कुरा गरौं (जनचेतना फैलाऔं) ।
८. पानीको मुहान पोखरी र दहको संरक्षण तथा सम्वर्द्धन गरौं ।
९. वनमा डढेलो लगाउने कार्य दण्डनीय अपराध भएकोले त्यस्ता व्यक्तिहरूलाई कानुनी कार्वाहीको दायरामा ल्याऔं ।

**डिभिजन वन कार्यालय**
धनगढी कैलाली
सम्पर्क फोन नं.०९१–५२११३३



## आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सूचना

- जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४५ बमोजिम जनस्वास्थ्यलाई प्रभावित पार्ने कुनै पनि भ्रामक, अतिरञ्जित विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार नगरौं ।
- बजारमा पाइने विज्ञापनको आकर्षणमा परेर आफै औषधी किनेर खाने बानी नगरौं ।
- स्वास्थ्य सम्बन्धी समस्याको लागि चिकित्सकसँग सल्लाह गर्ने बानी गरौं ।
- जडिबुटीको नाममा जथाभावी औषधीको प्रयोग नगरौं ।
- नियमितरुपमा सन्तुलित आहार विहार र योग गर्ने बानी बसालौं ।
- आयुर्वेदका संस्थाहरुमा स्वास्थ्य सेवा लिने बानी बसालौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग**
टेकु काठमाडौ



## शुभकामना

नयाँ वर्ष २०७८ सालको सुखद अवसरमा उद्यमी, कर्मचारी, श्रमिक एवम् सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायुका साथै उत्तरोत्तर प्रगतिको हार्दिक **शुभकामना** व्यक्त गर्दछौं ।

**Prakash Khadka**
Manager
Industrial Districts Management Ltd.
**Patan Industrial District Management Office**
Lagankhel, Lalitpur, Nepal
Tel: 01-5521367, 5521627, E-mail: khadka2079@gmail.com



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ